मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

वर्ष ४ | अंक २३० | २०८३ साल असार २४ गते बुधबार | Wednesday 08, July 2026 | सूर्योदयः बिहान ०५:१७ बजे | सूर्यास्तः साँझ ०७:०३ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## शासकीय सुधारका एक सय कार्यसूचीबमोजिम उल्लेख्य काम भएका छन्: अर्थमन्त्री



बाँकी पृष्ठ ५ मा

## घोषणा धेरै, काम शून्यः मधेशमा सिँचाइ संकट उस्तै



**मधेशदृष्टि**
**जनकपुरधाम।**
अन्नको भण्डार मानिने मधेश प्रदेशमा अझै पनि भरपर्दो सिँचाइ प्रणाली निर्माण हुन नसक्दा कृषि क्षेत्र संकटमा परेको छ। गत वर्षको खडेरीपछि किसानलाई राहत र सिँचाइ विस्तारको आश्वासन दिइए पनि ती घोषणा कार्यान्वयनमा नआउँदा यस वर्ष पनि किसान आकाशे पानीकै भरमा खेती गर्न बाध्य छन्।

जनकपुरधाम उपमहानगरपालिका–बसहिया र रुपैठा क्षेत्रका उर्वर फाँटमा अहिले धान रोपाइँको तयारीस्वरूप किसान आलीकुना खन्न व्यस्त छन्। तर हजारौं बिघा जमिनमा स्थायी सिँचाइ सुविधा नहुँदा खेती वर्षामाथि निर्भर बनेको छ । मौसमले साथ नदिए उत्पादनमा प्रत्यक्ष असर पर्ने चिन्ता किसानमा छ।

यसैबीच जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाले यस वर्षको मनसुनमा मधेशसहित कोशी, लुम्बिनी र कर्णाली प्रदेशका दक्षिणी भूभागमा औसतभन्दा कम वर्षा हुने प्रक्षेपण गरेको छ। महाशाखाका अनुसार ती क्षेत्रमा ५५ देखि ६५ प्रतिशतसम्म कम वर्षा हुने सम्भावना रहेकाले धान खेती प्रभावित हुन सक्ने देखिएको छ। गत वर्ष पनि वर्षा अभावका कारण मधेशका अधिकांश जिल्लामा खानेपानी र सिँचाइको गम्भीर समस्या उत्पन्न भएको थियो। त्यसपछि प्रदेश सरकारले २०८२ असार २६ गते मधेशलाई सुक्खाग्रस्त क्षेत्र घोषणा गरेको थियो। प्रदेश सरकारकै सिफारिसमा संघीय सरकारले साउन ७ गते आठै जिल्लालाई तीन महिनाका लागि विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको थियो।

त्यतिबेला संघीय सरकारले पाँच सय डिप बोरिङ र प्रदेश सरकारले एक हजार चार सय स्यालो ट्यूबवेल जडान गर्ने घोषणा गरे पनि अधिकांश योजना कागजमै सीमित भएको आरोप किसानको छ । दुई वर्षदेखि 'फिड द नेसन' को नारा अघि सारे पनि त्यसअनुसार सिँचाइ पूर्वाधार विस्तार हुन नसकेको देखिन्छ।

नेपाल राष्ट्र बैंकको आर्थिक गतिविधि अध्ययन अर्धवार्षिक प्रतिवेदन–२०८३ अनुसार मधेश प्रदेशको कुल सिँचित क्षेत्र गत वर्ष २.४१ प्रतिशतले बढेको थियो। तर चालु वर्षमा भने ४.३४ प्रतिशतले घटेर ३ लाख १९ हजार ८० हेक्टरमा सीमित भएको छ। प्रतिवेदनले कुलो, नहर र बोरिङमार्फत हुने सिँचाइ क्षेत्रसमेत घट्दै गएको देखाएको छ।

कुलोबाट सिँचित क्षेत्र ५.६७ प्रतिशत, नहरबाट ०.९७ प्रतिशत र बोरिङमार्फत सिँचित क्षेत्र ९ प्रतिशतले घटेको उल्लेख छ।

प्रदेश सरकारले 'खेतखेतमा पानी, हातहातमा रोजगारी' भन्ने नारासहित कृषि विद्युतीकरणका लागि आर्थिक वर्ष २०८०÷८१ मा ४० करोड, २०८१÷८२ मा ४५ करोड र चालु आर्थिक वर्षमा २० करोड रुपैयाँ बजेट विनियोजन गरे पनि त्यसको प्रभाव किसानले महसुस गर्न नसकेको गुनासो छ।

सिँचाइ अभावको असर कृषि उत्पादनमा पनि देखिएको छ । राष्ट्र बैंकका अनुसार चालु आर्थिक वर्षको पुस मसान्तसम्म प्रदेशको कुल कृषि उत्पादन १०.५९ प्रतिशतले घटेर ४२ लाख ५२ हजार १ सय ९९ मेट्रिक टनमा सीमित भएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा भने उत्पादन १.१७ प्रतिशतले बढेको थियो।

प्रतिवेदनअनुसार धान उत्पादन १३.४८ प्रतिशत, मकै ३४.०९ प्रतिशत, गहुँ २२.४४ प्रतिशत, कोदो ६९.०५ प्रतिशत, आलु ५७.९७ प्रतिशत तथा दलहन उत्पादन २०.८६ प्रतिशतले घटेको छ । सिँचाइ पूर्वाधार विस्तारका योजना कार्यान्वयनमा ढिलाइ, कम वर्षाको जोखिम र उत्पादनमा आएको निरन्तर गिरावटले मधेशको कृषि क्षेत्र थप चुनौतीपूर्ण बन्दै गएको देखिएको छ। किसानले घोषणा होइन, तत्काल प्रभावकारी सिँचाइ व्यवस्थाको माग गरिरहेका छन्।

## यातायात कार्यालय कलैयाका निमित्त प्रमुख आचार्यको जिम्मेवारी खोसियो



**मधेशदृष्टि**
**कलैया।**
कार्यालयमा सेवाग्राही कुट्ने यातायात व्यवस्था कार्यालय बाराका निमित्त प्रमुख चिन्तन आचार्यको जिम्मेवारी खोसिएको छ।

कार्यालयमै सेवाग्राहीमाथि हातपात गरेको भिडियो सार्वजनिक भएसँगै श्रम तथा यातायात मन्त्रालय मधेश प्रदेशले उनलाई जिम्मेबारीबाट हटाएर मन्त्रालय तानेको हो।

सोमबार नै उनलाई मन्त्री स्तरीय निर्णयबाट मन्त्रालय तानिएको मन्त्रालयका सूचना अधिकारी सुनिल साहले जानकारी दिए।

उनको स्थानमा बारा यातायात व्यवस्था कार्यालयका अधिकृत रामस्वार्थ महतोलाई जिम्मेवारी दिइएको छ । घटनाबारे अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ। धनुषा प्रहरीमार्फत बारा प्रहरीले आचार्यलाई कार्यालय झिकाएको हो।

उनलाई नियन्त्रणमा नलिएपनि कार्यालयमा बोलाएर घटनाबारे बुझ्ने काम भएको प्रहरीले जनाएको छ। गत फागुनको तेस्रो सातातिर उनले आफ्नो कार्यकक्षमा सेवाग्राहीमाथि हातपात गरेका थिए । त्यसमा कार्यालयका चौकीदारको पनि संलग्नता देखिएको अनुसन्धानमा खुलेको छ।

## गढीमाई नगरपालिकाका मेयरसहित चारजना विरुद्ध विशेष अदालतमा मुद्दा



**मधेशदृष्टि**
**रौतहट।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले रौतहटको गढीमाई नगरपालिकाका मेयर श्याम प्रसाद यादवसहित चार जनाविरुद्ध विशेष अदालत, काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर गरेको छ।

आर्थिक वर्ष २०७६/०७७ मा समनपुरघाटको बालुवा, गिट्टी र ग्राभेलको ठेक्कामा २ करोड ५७ लाख ६२ हजार रुपैयाँ राजस्व हिनामिना गरेको अभियोगमा उनीहरूविरुद्ध मङ्गलबार आरोपपत्र दायर गरिएको अख्तियारका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए । अख्तियारका अनुसार गढीमाई नगरपालिकाले आव २०७६÷०७७ का लागि समनपुर नाकाको नदीजन्य पदार्थ उत्खनन र बिक्रीको ठेक्का ३ करोड २५ लाख रुपैयाँमा भाग्यामणी कन्स्ट्रक्सन प्रा.लि.लाई दिने निर्णय गरेको थियो।

सम्झौताका लागि ७ दिनभित्र रकम बुझाउन पत्राचार गरिएकोमा उक्त कम्पनीले समयमै रकम दाखिला नगरेको पाइएको छ । तर, नगरपालिकाका पदाधिकारीहरूले ठेक्काको सर्त र बन्देज विपरीत एक करोड रुपैयाँ दाखिला भइसकेको भनी झुटो विवरणसहितको टिप्पणी उठाएर सदर गरेको अनुसन्धानबाट खुलेको न्यौपानेले बताए।

## उखु किसानलाई भुक्तानी प्रक्रिया सुरु



**मधेशदृष्टि**
**महोत्तरी।**
महोत्तरीका उखु किसानले बिक्री गरेको उखुको मूल्य र सरकारी अनुदान गरी करिब दुई अर्ब रुपैयाँ भुक्तानी प्रक्रिया सुरु भएको छ । जिल्लाका दुई चिनी उद्योगले किसानको बक्यौता रकम उपलब्ध गराउन थालेका हुन् । जिल्ला प्रशासन कार्यालय महोत्तरीका अनुसार जिल्लाभरका १२ हजार ३२ जना किसानले बिक्री गरेको २८ लाख ६७ हजार ९८७.३९ क्विन्टल उखुको भुक्तानी एभरेष्ट सुगर एण्ड केमिकल इन्डस्ट्रिज लिमिटेड, रामनगर र सिद्धिविनायक सुगर एण्ड केमिकल इन्डस्ट्रिज प्रालिले सुरु गरेका छन्।

उखु खरिदबापत किसानलाई कुल १ अर्ब ७७ करोड ३४ लाख ३७ हजार २३२ रुपैयाँ ७ पैसा भुक्तानी गर्नुपर्नेमा हालसम्म १ अर्ब ७६ करोड ५२ लाख ४६ हजार ४५५ रुपैयाँ ६० पैसा किसानको खातामा जम्मा भइसकेको प्रशासनले जनाएको छ। अब ८१ लाख ९० हजार ७७७ रुपैयाँ ४७ पैसा भुक्तानी गर्न बाँकी रहेको छ ।एभरेष्ट सुगर एण्ड केमिकल इन्डस्ट्रिजले ११ हजार ८११ जना किसानबाट २८ लाख ५३ हजार १७८.९६ क्विन्टल उखु खरिद गरेको थियो। उद्योगले त्यसबापत १ अर्ब ७६ करोड ३८ लाख ८५ हजार ७३५ रुपैयाँ ६० पैसा भुक्तानी गरिसकेको छ। सात जना किसानको बैंक खाता नभएकाले उनीहरूको ३ लाख ७० हजार २५२ रुपैयाँ भुक्तानी हुन बाँकी रहेको जनाइएको छ।

यस्तै, सिद्धिविनायक सुगर एण्ड केमिकल इन्डस्ट्रिजले २१४ जना किसानबाट १४ हजार ८०८.४३ क्विन्टल उखु खरिद गरेकोमा १३ लाख ६० हजार ७२० रुपैयाँ भुक्तानी गरिसकेको छ । उक्त उद्योगबाट अझै ७८ लाख २० हजार ५२५ रुपैयाँ किसानले पाउन बाँकी छ ।जिल्ला प्रशासन कार्यालय महोत्तरीका प्रवक्ता तथा सहायक प्रमुख जिल्ला अधिकारी सञ्जयकुमार पोखरेलका अनुसार किसानलाई प्रति क्विन्टल ७० रुपैयाँका दरले उपलब्ध गराइने अनुदान रकमका लागि पनि प्रक्रिया अघि बढाइएको छ । असार १९ गते बसेको भुक्तानी समितिको बैठकले २० करोड ७ लाख ५९ हजार ११७ रुपैयाँ ३० पैसा अनुदान रकम निकासाका लागि कोष तथा लेखा नियन्त्रक कार्यालयमा सिफारिस गरिसकेको उनले बताए। प्रशासनले अनुदान रकम निकासा भएपछि किसानको खातामा समेत क्रमशः जम्मा गरिने जनाएको छ।

## दुर्गा प्रसाईंको नेतृत्वमा सरकारविरुद्ध प्रदर्शन



**मधेशदृष्टि**
**जनकपुरधाम।**
नागरिक बचाउ महाअभियानका संयोजक दुर्गा प्रसाईंको नेतृत्वमा मंगलबार जनकपुरधाममा सरकारविरुद्ध प्रदर्शन तथा ¥याली निकालिएको छ । विभिन्न जिल्लाबाट आएका समर्थकहरूले वर्तमान सरकारको कार्यशैली, सुशासन र प्रशासनिक अवस्थाप्रति असन्तुष्टि जनाउँदै विरोध प्रदर्शन गरेका हुन्।

जानकी मन्दिर परिसरबाट सुरु भएको ¥याली जनकचोक, शिवचोक, भानुचोक हुँदै नगरका विभिन्न स्थानको परिक्रमा गरेको थियो । प्रदर्शनमा सहभागीहरूले भ्रष्टाचार नियन्त्रण, सुशासनको प्रत्याभूति, जनउत्तरदायी शासन व्यवस्था र प्रशासनिक सुधारको माग गर्दै नाराबाजी गरेका थिए।

¥यालीलाई सम्बोधन गर्दै दुर्गा प्रसाईंले वर्तमान सरकारले जनताको अपेक्षाअनुसार काम गर्न नसकेको आरोप लगाए । सिंहदरबारको प्रशासनिक प्रणाली राजनीतिक नेतृत्वकै कारण कमजोर बन्दै गएको दाबी गर्दै उनले सरकारका गतिविधिमाथि नागरिकस्तरबाट निरन्तर खबरदारी आवश्यक रहेको बताए।

सरकारको सय दिने कार्यकालको समीक्षा गर्दै आफ्नो अभियानले उपलब्धि र कमजोरी समेटिएको विस्तृत मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्ने तयारी गरिरहेको पनि उनले जानकारी दिए।

प्रसाईंले प्रशासनिक अवस्था, आर्थिक चुनौती, सुशासन र विदेश नीतिलगायतका विषयमा सरकारमाथि प्रश्न उठाउँदै राष्ट्रिय हितलाई केन्द्रमा राखेर निर्णय लिनुपर्ने धारणा व्यक्त गरे । शासन प्रणालीप्रति जनविश्वास घट्दै गएको उल्लेख गर्दै त्यसको सुधारका लागि राजनीतिक उत्तरदायित्व आवश्यक रहेको उनले बताए । ¥यालीअघि प्रसाईंले जानकी मन्दिरमा पूजा–अर्चना गरेका थिए । साँझ जानकी मन्दिर परिसरमा दीप प्रज्वलन कार्यक्रमसमेत आयोजना गरिएको नागरिक बचाउ महाअभियानले जनाएको छ।

प्रदर्शनलाई लक्षित गर्दै नेपाल प्रहरीले ¥याली मार्गमा आवश्यक सुरक्षा व्यवस्था मिलाएको थियो।



# किसानलाई अनुदानमा कृषियन्त्र वितरण



**सर्लाही।**
बागमती नगरपालिकाले ३८६ किसानलाई अनुदानमा कृषि उपकरण वितरण गरेको छ। कृषि यान्त्रिकीकरण कार्यक्रमअन्तर्गत ८३ थान मकै रोप्ने मेसिन र ३०३ थान औषधि छिट्ने (स्प्रे) कृषकलाई वितरण गरिएको हो।

किसानका मागअनुसार नगरले ५० प्रतिशत अनुदानमा उक्त उपकरण वितरण गरेको नगरका कृषि शाखा प्रमुख अवधेश झाले जानकारी दिए।

'राष्ट्रिय कृषि आधुनिकीकारण परियोजनाले यस क्षेत्रलाई मकै सुपर जोन घोषणा गरेको छ', प्रमुख झाले भने, 'किसानले निकै समयदेखि उक्त उपकरण माग गरिरहनुभएको थियो। सोहीअनुसार रु ४ हजार ९४५ मा मकै रोप्ने मेसिन र रु १ हजार ९१० मा औषधि छिट्ने मेसिन वितरण गरिएको हो।'

नगरको रु ९ लाख ८५ हजार १६५ लागतमा उपकरण वितरण गरिएपछि किसान उत्साहित भएका छन्। रासस

# पूर्वप्रधानमन्त्री शेरबहादुर देउवापुत्रलाई ७ दिनभित्र उपस्थित हुन पुर्जी जारी



**मधेशदृष्टि**
**काठमाडौँ।**
सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले नेपाली कांग्रेसका निवर्तमान सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाका छोरा जयवीर देउवालाई ७ दिनभित्र उपस्थित हुन पुर्जी जारी गरेको छ। सम्पत्ति शुद्धीकरणसम्बन्धी जाँचबुझका क्रममा केही महत्त्वपूर्ण कुराहरू बुझ्नुपर्ने भएको भन्दै विभागले उनलाई बयानका लागि बोलाएको हो।

विभागले जारी गरेको उपस्थितिको म्याद पुर्जी मंगलबार बुढानीलकण्ठस्थित देउवाको निवासमा टाँस गरिसकिएको छ। तोकिएको ७ दिनको समयसीमाभित्र विभागमा स्वयं उपस्थित भई अनुसन्धान प्रक्रियामा सहयोग गर्न जयवीरलाई उक्त सूचनामार्फत निर्देशन दिइएको छ।

सम्पत्ति शुद्धीकरण विभागले यस अनुसन्धानको सिलसिलामा जयवीरका बुबा शेरबहादुर देउवा र आमा आरजु राणा देउवालाई पनि यसअघि नै बोलाइसकेको छ। यद्यपि, देउवा दम्पतीले भने आगामी साउन मसान्तसम्ममा विभागमा उपस्थित हुने जानकारी गराएका छन्।

# सूचनाको हक मन्त्रालयको उच्च प्राथमिकतामा: सञ्चारमन्त्री



**काठमाडौँ।**
सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले सूचनाको हक मन्त्रालयको उच्च प्राथमिकतामा रहेको बताएका छन्। सूचनाको हकका लागि राष्ट्रिय महासङ्घ केन्द्रीय समितिका पदाधिकारी एवं केन्द्रीय सदस्यहरुसँगको मंगलबारको भेटमा उनले सूचनाको हक संरक्षण र संवर्द्धनमा मन्त्रालयले काम गरिरहेको जानकारी गराए। सूचनाको हकसम्बन्धी ऐन, २०६४, नियमावली २०६५ र यससम्बन्धी अन्य कानुनले व्यवस्था गरेका संयन्त्रलाई चुस्तरुपमा परिचालन गरी यस क्षेत्रमा काम गरिने मन्त्री तिमिल्सिनाको प्रतिबद्धता छ।

सुशासनको मुख्य एजेण्डामा सरकारले काम गरिरहेकाले सूचनाको हकका माध्यमबाट भ्रष्टाचार न्यूनीकरणमा उपयोग गर्ने गरी व्यवस्था गरिने उनले सुनाए। राष्ट्रिय सूचना आयोगमा पदाधिकारी नियुक्तिको प्रक्रिया सुरु गर्न लागिएको पनि मन्त्री तिमिल्सिनाको भनाइ छ। महासङ्घका अध्यक्ष उमीद बागचन्दले साङ्गठनिक रुपमा देशभर भइरहेका गतिविधिका बारेमा जानकारी गराउँदै राष्ट्रिय सूचना आयोग लामो समयदेखि पदाधिकारीविहीन भएकाले छिटो पदाधिकारी नियुक्त गर्न माग गरेका थिए। महासङ्घको प्रतिनिधिमण्डलमा वरिष्ठ उपाध्यक्ष ताराबहादुर भण्डारी, उपाध्यक्ष दुर्गा तिवारी, महासचिव पूर्णप्रसाद मिश्र, केन्द्रीय सदस्य अभिमन्यु नेपाल, वाग्मती प्रदेश समितिका महासचिव भीम लामा, काठमाडौँ जिल्ला अध्यक्ष विनोद बस्नेतलगायतको उपस्थिति थियो। रासस

# सात प्रतिशत आर्थिक वृद्धिलाई भरथेग गर्ने लक्ष्यसहितको मौद्रिक नीति सार्वजनिक




**काठमाडौँ।**
सरकारले आगामी आर्थिक वर्षमा राखेको सात प्रतिशतको आर्थिक वृद्धिलाई भरथेग गर्ने गरी नेपाल राष्ट्र बैंकले लचिलो खालको मौद्रिक नीति ल्याएको छ। नेपाल राष्ट्र बैंकका गभर्नर डा विश्वनाथ पौडेलले आज आगामी आर्थिक वर्ष २०८३÷८४ को मौद्रिक नीति सार्वजनिक गर्दै सरकारले लिएको आर्थिक वृद्धिलाई सहयोग पुग्ने गरी मौद्रिक नीति ल्याएको बताए। गभर्नर पौडेलले बैंक तथा वित्तीय संस्थाले करिब रु ६० खर्ब बराबरको ऋण विस्तार गरेको उल्लेख गर्दै आगामी आवमा ११ प्रतिशत अर्थात छ खर्ब ५२ अर्ब ऋण विस्तार गरी सरकारले लिएको आर्थिक वृद्धिको लक्ष्य पूरा गर्ने बताए।

साथै नेपाल राष्ट्र बैंकका प्रवक्ता गुरुप्रसाद पौडेलले पनि मंगलबार पत्रकार आयोजित पत्रकार सम्मेलनमा सरकारले लिएका सात प्रतिशतको आर्थिक वृद्धिलाई सहयोग गर्ने गरी मौद्रिक नीति ल्याइएको बताए। 'सरकारले आगामी आर्थिक वर्षमा ल्याएको नीति कार्यक्रम र बजेटलाई भरथेग र सहयोग गर्ने गरी नै मौद्रिक नीति आएको छ, मौद्रिक नीतिले सरकारले राखेको उद्देश्य पूरा गर्नका लागि सहयोगी भूमिका खेल्नेछ', उनले भने। राष्ट्र बैंकले मौद्रिक नीतिमा कर्जाको सुरक्षण स्वरूप व्यक्तिगत जमानीबाट असीमित दायित्व सिर्जना हुने अवस्था हटाउने प्रावधानलाई प्राथमिकताको साथमा ल्याएको उल्लेख गरेको छ। प्रवक्ता पौडेलले यो प्रावधानले ऋणीलाई केही हदसम्म भएपनि सहज बनाउने बताए।

मौद्रिक नीतिमा चेक अनादरका कारण कालोसूचीमा परी बैंकिङ सेवाको पहुँचमा बाधा पर्ने अवस्था कम गर्नेतर्फ पनि केही सहजीकरण गर्ने उल्लेख छ। चेक अनादरको कारणले कालोसूचीमा नभईकन फरक ढङ्गले कानुनी व्यवस्था गर्नाले उद्यमी तथा व्यवसायीलाई केही सहजता हुने प्रवक्ता पौडेलले बताए। राष्ट्र बैंकले रुग्ण उद्योगलाई नयाँ योजना सोच र भिजनसहित अघि बढाउन चाहने कम्पनीलाई पनि प्रवर्द्र्धन गर्ने खालको नीति मौद्रिक नीतिमा अङ्गीकार गरेको छ।

राष्ट्र बैंकका कार्यकारी निर्देशक डा सत्येन्द्र तिमिल्सनाले मौद्रिक नीतिमार्फत रुग्ण अवस्थामा रहेको उद्योगलाई नयाँ सोच र भिजनसहित फेरि सञ्चालन गर्ने कार्ययोजनासहित आउनेलाई प्रोत्साहन गर्नका लागि यो नीति ल्याएको बताए। 'रुग्ण उद्योगका निष्कृय कर्जाको व्यवस्थापनका साथै निष्कृय कर्जालाई पुनरुत्थान गर्न र संस्थालाई फेरि पहिलाकै अवस्थामा ल्याउनका लागि यो नीति ल्याएका हौं', उनले भने, 'यो नीतिले एकातर्फ रुग्ण उद्योगमा बैंक तथा वित्तीय संस्थाको रकम उठ्ने र रुग्ण उद्योग फेरि सञ्चालनमा ल्याउने अवस्था सिर्जना हुनेछ।'

राष्ट्र बैंकले संस्थाको सबलताका आधारमा शेयर धितो कर्जा सीमा निर्धारण हुने एवम् सार्वजनिक सवारीका रुपमा प्रयोग हुने ठूला विद्युतीय सवारीसाधनको कर्जा मूल्य अनुपात सहजीकरण हुने गरी विशेष नीतिगत व्यवस्था गरेको छ। बैंक तथा वित्तीय संस्थालाई डिजिटलाइजेसनमार्फत वित्तीय लागत न्यून गराई सोको प्रतिफल ग्राहकमा हस्तान्तरण गरी उपभोक्ताले प्राप्त गर्ने सेवाको गुणस्तर अभिवृद्धि गर्दै लैजाने नीति मौद्रिक नीतिमा समावेश छ। साथै बैंक तथा वित्तीय संस्थाको वर्गीकरणका सम्बन्धमा भैरहेको अध्ययन सम्पन्न गरी सोही अनुरुप बैंक, वित्तीय संस्था तथा गैर बैंक तथा वित्तीय संस्थालाई लक्षित कार्यक्षेत्रमा सेवा विस्तार गर्न प्रोत्साहन गर्ने नियामकीय व्यवस्थाहरु क्रमशः लागू गर्ने नीति अङ्गीकार गरिएको छ।

प्रवक्ता पौडेलले आगामी आर्थिक वर्षको मौद्रिक नीतिलाई तीन वटा फरक–फरक कागजपत्रका आधारमा प्रस्तुत गर्न खोजेको बताए। 'विगतका वर्षका मौद्रिक नीतिमा एकैठाउँमा सबैकुरा समावेश गरेर ल्याइने गरिन्थ्यो, तर आगामी आवको मौद्रिक नीतिमा भने तीन वटा फरक–फरक डकुमेन्टलाई छुट्टाछुट्टै ढङ्गबाट प्रस्तुत गरेर ल्याइएको छ', उनले भने। केन्द्रीय बैंकले आव २०८२/८३ को मौद्रिक नीतिको समीक्षा, 'म्याक्रो इकोनोमिक रिपोर्ट, एनालाइसिस एण्ड आउटलुक' र मौद्रिक नीति २०८२/८३ गरेर छुट्टाछुटै रुपमा ल्याएको छ। केन्द्रीय बैंकले आव २०८३/८४ मा पाँच दशमलव ५ प्रतिशतको हाराहारीमा मुद्रास्फीति र कम्तीमा सात महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त विदेशी विनिमय सञ्चिति कायम गर्दै ७.० प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न आवश्यक मौद्रिक तरलता र विदेशी विनिमय व्यवस्थापन गर्ने नीति अघि सारेको छ।

मौद्रिक नीतिले बैंक तथा वित्तीय संस्थाको भारित औसत अन्तरबैंक दरलाई यथावत् राख्दै अन्तरबैंक दरलाई नीतिगत दरको हाराहारीमा कायम हुने गरी खुला बजार कारोबार सञ्चालन गर्ने नीति अघि सारेको छ। त्यस्तै गरी तरलताको प्रकृति हेरी संरचनागत तरलता र नियमित तथा आकस्मिक तरलता व्यवस्थापनका लागि भिन्न अवधिका उपकरणहरु प्रयोग गरिने मौद्रिक नीतिमा उल्लेख गरिएको छ। राष्ट्र बैंकले आगामी आवको मौद्रिक नीतिमा ब्याजदर करिडोरअन्तर्गतका नीतिगत दर स्थायी निक्षेप सुविधा दर एवम् बैंकदरलाई यथावत राखेको छ। त्यस्तै गरी अनिवार्य नगद अनुपात, वैधानिक तरलता अनुपात एवम् स्थायी तरलता सुविधासम्बन्धी विद्यमान व्यवस्थालाई निरन्तरता दिइएको मौद्रिक नीतिमा उललेख गरिएको छ।

नेपाली बैंकले विदेशी बैंकको फण्डमा लगानी गर्न पाउने

राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत पहिलो पटक विदेशी मुद्रा खरिदमार्फत हुने तरलता प्रवाह व्यवस्थापनलाई सहज बनाउन वाणिज्य बैंकहरुलाई विदेशी सरकारी ऋणपत्रमा लगानी गर्न प्रोत्साहित गरिनुका साथै विदेशी मुद्रा खरिदकै बखत 'स्टेरलाइन्ड इन्टरभेन्सन' गर्ने नीतिगत व्यवस्था गरेको छ। कार्यकारी निर्देशक तिमिल्सनाले नेपालका बैंक तथा वित्तीय संस्थाले विदेशका केन्द्रीय बैंकको सेक्युरिटी तथा बण्ड फण्डहरुमा लगानी गर्ने व्यवस्था गर्न लागिएको बताए।

राष्ट्र बैंकले व्यक्तिगत क्रेडिट स्कोरिङ प्रणालीमा आधारित 'पियर टु पियर' लेनदेन सञ्चालन गर्ने विषयमा आवश्यक अध्ययन गर्ने मौद्रिक नीतिमा समावेश गरेको छ। साथै नेपाल सरकारले जारी गरेका राष्ट्रिय प्रतिवद्धता, शासकीय सुधारसम्बन्धी १०० कार्यसूची एवम् बजेट वक्तव्यमा उल्लेख भएका यस बैंकसँग सम्बन्धित कार्यक्रमहरु सम्बन्धित निकायसँगको समन्वयमा क्रमशः कार्यान्वयन गर्दै लैजाने मौद्रिक नीतिमा उल्लेख गरिएको छ। रासस

# बर्डफ्लू ७ वटा जिल्लामा नियन्त्रणमा

**मधेशदृष्टि**
**वीरगंज।**
देशका विभिन्न ११ जिल्लामा फैलिएको घातक पन्छी रोग 'बर्डफ्लु' ७ वटा जिल्लामा पूर्णरूपमा नियन्त्रणमा आएको छ। पशुसेवा विभागका अनुसार झापा, मोरङ, सुनसरी, महोत्तरी, बारा, चितवन र नवलपरासीमा संक्रमण नियन्त्रणमा आएको हो।

यद्यपि, उपत्यकाका तीन जिल्ला काठमाडौं, ललितपुर, भक्तपुर र काभ्रेपलाञ्चोकमा भने यो रोग अझै पूर्ण नियन्त्रणमा आउन सकेको छैन। विभागले यी चार जिल्लालाई अझै पनि निगरानीमा राखेको छ। रोग नियन्त्रणका लागि विभागले प्रभावित क्षेत्रमा विशेष प्राविधिक टोली परिचालन गरेको थियो।

उक्त टोलीले सङ्क्रमित क्षेत्रका पन्छी, अण्डा, दाना तथा पन्छीजन्य अन्य सामग्रीहरू नष्ट गरी सुरक्षित व्यवस्थापन गरेको विभागका प्रवक्ता डा. मुकुल उपाध्यायले जानकारी दिए।

# भरतपुर अस्पताललाई ९२ करोड बढी भुक्तानी

**चितवन।**
भरतपुर अस्पतालले रु ९२ करोड ३६ लाख ४२ हजार ९४७ भुक्तानी पाएको छ। बिमा गरेका सेवाग्राहीसँग अस्पतालले असुल गर्नुपर्ने उक्त रकम बिमा बोर्डले उपलब्ध गराएको हो। स्वास्थ्य संस्थाका बिमा कार्यक्रम प्रमुख लिलाधर पौडेल उपचारवापत अझै रु ३६ करोड असुल हुन बाँकी रहेको जानकारी दिए।

संस्थाले विसं २०७४ भदौबाट स्वास्थ्य बिमा कार्यक्रम सुरु गरेको हो। यस अवधिमा बिमामार्फत रु दुई अर्ब ४७ करोड ४८ लाख २२ हजार ३२९.९७ प्राप्त गरिसकेको छ। गत आर्थिक वर्षमा रु चार लाख ४१ हजार पटक बिमा सेवा दिएको अस्पतालले यस आर्थिक वर्षमा पाँच लाखभन्दा बढी पटक सेवा दिएको छ। अस्पतालमा चितवन, मकवानपुर, बारा, पर्सा, नवलपरासी, गोरखा, तनहुँ, लमजुङ, धादिङलगायत २२ जिल्लाभन्दा बढी स्थानबाट बिरामी बिमामार्फत सेवा लिन आउने गर्छन्।

प्रमुख मेडिकल सुपरिटेण्डेण्ट डा विश्वबन्धु बगालेले बिमाका बिरामीलाई उच्च प्राथमिकता दिँदै प्रतीक्षा सूची घटाउने गरी काम गरिरहेको बताउँछन्। भिडियो एक्सरेको एक हप्ताको सूची घटाएर प्रतीक्षा गर्न नपर्ने बनाइएको छ। सिटी मेसिनमा समस्या आएपछि मर्मत नभएसम्मका लागि निजी अस्पतालसँग सहकार्य गरेर बिमाको दररेटमा सेवा दिइएको उनले बताए। अनलाइनमार्फत टिकट काट्ने व्यवस्था पनि मिलाइएको छ।

दैनिक झण्डै २०० हाराहारीले अनलाईनमार्फत टिकट काट्न थालेका छन्। यो संख्या ४०० हाराहारी पुग्ने अनुमान छ। अस्पतालले आठ वटाबाट नगद काउन्टर बढाएर १० पु¥याएको छ। बगालेले भने, 'अस्पतालमा आउने बिरामी प्रतीक्षा सूचीमा बस्न नपरोस् भनेर काम गरिरहेका छौँ।' बोर्डले पछिल्लो समय जारी गरेको औषधि र सेवा शुल्क कतिपयमा खरिदभन्दा निकै कम हुँदासमेत सेवा दिइरहेको उनले बताए। रासस

# एसईईको पूरक परीक्षाको नतिजा सार्वजनिक

**मधेशदृष्टि**
**काठमाडौँ।**
राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८२ को ग्रेडवृद्धि (पूरक) परीक्षाको नतिजा सार्वजनिक गरेको छ। बोर्डका अनुसार ग्रेडवृद्धि परीक्षामा १ लाख २९ हजार ११४ जना विद्यार्थी सहभागी भएका थिए। तीमध्ये ८३ हजार ५२३ जना उत्तीर्ण भएका छन्। यो कुल सहभागीको ६४.६९ प्रतिशत हो। जीपीए अनुसार सबैभन्दा धेरै ५१ हजार ४३८ विद्यार्थीले २.४० देखि २.८० सम्म जीपीए प्राप्त गरेका छन्। त्यस्तै १६ हजार ४६७ जनाले २.८० देखि ३.२०, १४ हजार ३६२ जनाले २.०० देखि २.४०, १ हजार १९५ जनाले ३.२० देखि ३.६०, ४५ जनाले १.६० देखि २.०० तथा १६ जनाले ३.६० देखि ४.०० जीपीए हासिल गरेका छन्। ०.८०–१.२० र १.२०–१.६० जीपीए प्राप्त गर्ने विद्यार्थी भने छैनन्। बोर्डले नतिजा वेबसाइट, आईभीआर तथा एसएमएस/यूएसएसडी सेवामार्फत हेर्न सकिने जनाएको छ।

# कुनैपनि पार्टीसँग एकता हुने सम्भावना छैन: ओली



**मधेशदृष्टि**
**काठमाडौँ।**
नेकपा एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले तत्काल कुनै पनि पार्टीसँग एकता हुने सम्भावना नरहेको स्पष्ट गरेका छन्। मंगलबार पार्टी केन्द्रीय कार्यालय च्यासलमा आयोजित कार्यक्रममा बोल्दै ओलीले वामपन्थी शक्तिहरूबीच पार्टी एकताको चर्चा भइरहे पनि अहिलेको अवस्थामा त्यस्तो सम्भावना नरहेको बताए।

उनले एमालेमा समाहित हुन चाहने नेता–कार्यकर्तालाई भने स्वागत गरिने स्पष्ट पारे। भाषणका क्रममा उनले नेकपा संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'प्रति पनि टिप्पणी गर्दै प्रचण्ड प्रधानमन्त्री बालेन शाहको प्रशंसामा लागेर राजनीतिक रूपमा उम्किन खोजिरहेको आरोप लगाए। यसैबीच, एमालेले आगामी निर्वाचनको समीक्षा, पार्टी पुनर्गठन र संगठन सुदृढीकरणका विषयमा सुझाव संकलन अभियान जारी राखेको छ। सोही क्रममा मंगलबार पार्टीको सल्लाहकार परिषद्का सदस्यहरूसँग सुझाव लिने कार्यक्रम आयोजना गरिएको थियो।

# युएईद्वारा नेपाली कैदीबन्दीलाई प्रदान गरिएको आममाफीप्रति कृतज्ञता

**मधेशदृष्टि**
**काठमाडौँ।**
संयुक्त अरब इमिरेट्स (युएई) सरकारद्वारा ईद अल–अधा २०२६ का अवसरमा १११ जना नेपाली कैदीबन्दीलाई प्रदान गरिएको शाही आममाफीप्रति नेपाल सरकारले कृतज्ञता तथा प्रशंसा व्यक्त गरेको छ।

परराष्ट्र मन्त्रालयले मंगलबार एक विज्ञप्तिजारी गर्दै उक्त आममाफीको सदाशयपूर्ण कदमलाई नेपाल र युएईबीच विद्यमान द्विपक्षीय सम्बन्धमा गहिरो मित्रता र हार्दिकताको अभिव्यक्तिका रूपमा उच्च मूल्याङ्कन गरेको जनाएको छ।

आममाफीको निर्णय मन्त्रालयको निर्देशनानुसार आबुधाबीस्थित नेपाली दूतावासले गरेको अनुरोधको प्रत्युत्तरस्वरूप मित्रराष्ट्र युएई सरकारले गरेको हो। माफीप्राप्त नेपाली नागरिक, अन्य कुनै विचाराधीन कानुनी मुद्दा वा यात्रा प्रतिबन्ध नभएको अवस्थामा, युएईको प्रचलित कानुनबमोजिम आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया पूरा गरेपछि नेपाल फर्कन सक्नेछन्।

# ठोरीबाट भारतीय चारपांग्रे सवारीको प्रवेश पुनः खुल्यो, पर्यटन र व्यापारमा उत्साह

**मधेशदृष्टि**
**वीरगंज ।**



ठोरी नाकाबाट भारतीय नम्बर प्लेटका चारपांग्रे सवारीसाधनको प्रवेश मंगलबारदेखि पुनः सञ्चालनमा आएको छ । प्रवेशमा लगाइएको रोक हटाइएपछि स्थानीय पर्यटन व्यवसायी, व्यापारी तथा सर्वसाधारणमा उत्साह छाएको छ ।

गत असार १९ गतेदेखि ठोरी बजारमा भारतीय नम्बर प्लेटका चारपांग्रे सवारीसाधनको आवागमन रोकिएपछि स्थानीय व्यवसायी तथा पर्यटनसँग आबद्ध सरोकारवालाले निरन्तर विरोध जनाउँदै आएका थिए । सोही विषयलाई लिएर प्रतिनिधिसभामा पर्सा निर्वाचन क्षेत्र नं. ४ का सांसद टेकबहादुर शाक्यले सरकारको ध्यानाकर्षण गराउँदै ठोरी र भिस्वा–जानकीटोलाबाट भारतीय सवारी प्रवेशमा लगाइएको प्रतिबन्ध तत्काल हटाउन माग गरेका थिए ।

यसैबीच, ठोरीका पर्यटन व्यवसायीहरूको प्रतिनिधिमण्डलले जिल्ला प्रशासन कार्यालयमा पुगेर ज्ञापनपत्र बुझाउँदै समस्या समाधानका लागि पहल गर्न आग्रह गरेको थियो । यी पहल र छलफलपछि भारतीय नम्बर प्लेटका चारपांग्रे सवारीसाधनको प्रवेशलाई सहजीकरण गर्ने विषयमा सम्बन्धित निकायबीच सकारात्मक सहमति बनेको हो ।

भन्सार कार्यालयका अनुसार अब भारतीय नम्बर प्लेटका चारपांग्रे सवारीसाधनले ठोरी छोटी भन्सारबाट 'निःशुल्क सुविधा पास' लिएपछि ठोरी बजार तथा आसपासका पर्यटकीय गन्तव्यहरूको भ्रमण गर्न पाउने व्यवस्था गरिएको छ । नयाँ व्यवस्थाअनुसार मंगलबार 'बीआर २२ पीए ०३९२' नम्बरको भारतीय चारपांग्रे सवारीले ठोरी छोटी भन्सारबाट निःशुल्क सुविधा पास प्राप्त गरी सबैभन्दा पहिलो पटक ठोरी बजारमा प्रवेश गरेको छ । यससँगै भारतीय सवारीसाधनको प्रवेश व्यवस्था औपचारिक रूपमा पुनः लागू भएको छ ।

स्थानीय सरोकारवालाले भारतीय पर्यटकको आगमन पुनः सुरु भएसँगै ठोरीको पर्यटन क्षेत्रले नयाँ गति लिने, सीमावर्ती व्यापार–व्यवसाय चलायमान हुने तथा स्थानीय आर्थिक गतिविधिमा सकारात्मक प्रभाव पर्ने विश्वास व्यक्त गरेका छन् ।

# पर्याप्त मनसुनी वर्षा नहुँदा धान रोपाइँ प्रभावित

**मधेशदृष्टि**
**कलैया।**



पर्याप्त मनसुनी वर्षा नहुँदा बारा जिल्लामा यस वर्ष धान रोपाइँ उल्लेख्य रूपमा प्रभावित भएको छ। असारको तेस्रो सातासम्म पनि अधिकांश किसान आकाशे पानीकै प्रतीक्षामा रहेकाले रोपाइँले अपेक्षित गति लिन सकेको छैन । कृषि ज्ञान केन्द्र बाराका अनुसार असार २२ गतेसम्म जिल्लाको कुल धान खेतीयोग्य क्षेत्रफलमध्ये ५ हजार ८६३ हेक्टर जमिनमा मात्रै रोपाइँ सम्पन्न भएको छ। यो कुल अनुमानित ४५ हजार १०० हेक्टर खेतीयोग्य क्षेत्रफलको करिब १३ प्रतिशत मात्र हो । कृषि ज्ञान केन्द्रका सूचना अधिकारी गणेश महराका अनुसार गत वर्ष यही अवधिसम्म जिल्लाको करिब १९ प्रतिशत क्षेत्रफलमा धान रोपाइँ भइसकेको थियो । यस वर्ष भने रोपाइँको दर गत वर्षको तुलनामा ६ प्रतिशतले घटेको छ। मनसुन ढिलो सक्रिय हुनु र पर्याप्त वर्षा नहुनु नै रोपाइँ ढिलाइको मुख्य कारण रहेको कृषि कार्यालयले जनाएको छ । पानीको अभावका कारण ब्याड राख्ने, खेत जोत्नेदेखि रोपाइँसम्मका काम प्रभावित हुँदा किसानहरू समस्यामा परेका छन् ।यद्यपि, केही स्थानीय तहमा उपलब्ध सिँचाइ प्रणालीको उपयोग गर्दै किसानहरूले रोपाइँ जारी राखेका छन्। आगामी दिनमा मनसुन सक्रिय भई पर्याप्त वर्षा भए रोपाइँले तीव्रता लिने अपेक्षा कृषि ज्ञान केन्द्रले गरेको छ। गत आर्थिक वर्षमा भने बारामा धान खेती उत्साहजनक रहेको थियो । कृषि ज्ञान केन्द्रका अनुसार ४६ हजार २० हेक्टर क्षेत्रफलमा धान खेती गर्ने लक्ष्य राखिएकोमा ४५ हजार ९९ हेक्टर अर्थात् करिब ९८ प्रतिशत क्षेत्रफलमा सफलतापूर्वक रोपाइँ सम्पन्न भएको थियो।

# लागूऔषधसहित तीनजना पक्राउ



**मधेशदृष्टि**
**वीरगंज।**

सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वार्टर पर्साले प्रतिबन्धित लागूऔषधसहित तीन जनालाई पक्राउ गरेको छ। त्यसैगरि भन्सार छली ल्याइएका औषधिजन्य सामग्रीसमेत बरामद गरेको जनाएको छ।

गणका सूचना अधिकारी सशस्त्र प्रहरी नायब उपरीक्षक मोहन राज निरौलाका अनुसार सोमबार राति गण तथा सीमा सुरक्षा गुल्म वीरगंजबाट खटिएको संयुक्त टोलीले भारतबाट नेपालतर्फ आउँदै गरेको म.प्र.०३–००१ ह १९८१ नम्बरको ई–रिक्सा जाँच गर्ने क्रममा प्रतिबन्धित लागूऔषध फेला पारेको हो। जाँचका क्रममा ई–रिक्सामा सवार अन्दाजी २५ वर्षीय एक भारतीय महिलाले दुवै तिघ्रामा टेपले बाँधी लुकाईछिपाई राखेको लागूऔषध बरामद गरिएको थियो।

बरामद लागूऔषधमा डाइजापाम इन्जेक्सन आईपी २०० एम्पुल, प्रोमेथाजिन हाइड्रोक्लोराइड इन्जेक्सन आईपी २०० एम्पुल तथा बुप्रेनोर्फिन इन्जेक्सन आईपी २०० एम्पुल रहेका छन् । उक्त लागूऔषधसहित महिला र अन्य दुई जना र ई–रिक्सा नियन्त्रणमा लिई आवश्यक कानुनी कारबाहीका लागि नेपाल प्रहरीलाई बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ।

यसैगरी, सोमबार नै वीरगंज महानगरपालिका–१ स्थित छपकैया सीमा क्षेत्रबाट भन्सार छली गरि औषधिजन्य सामग्री नेपालतर्फ ल्याउँदै गरेका करिब पाँच लाख रुपैयाँ बराबरको चार कार्टुन औषधिजन्य सामग्री बरामद गरिएको सशस्त्र प्रहरी बलले जनाएको छ।

# १४ लाखभन्दा बढीका तस्करीका सामान बरामद

**मधेशदृष्टि**
**सिरहा।**



सिरहाको नेपाल–भारत सीमा क्षेत्रमा सुरक्षा निगरानी कडा पारिएसँगै भन्सार छली गरी ओसारपसार हुँदै गरेका १४ लाख रुपैयाँभन्दा बढी मूल्यका विभिन्न सामान बरामद गरिएको छ। नं. ७ गण मुख्यालय सिरहाका अनुसार असार २२ गते जिल्लाका विभिन्न सीमा नाकामा सञ्चालन गरिएको विशेष सुरक्षा तथा चेकजाँच अभियानका क्रममा भारतबाट नेपालतर्फ भित्र्याइँदै तथा नेपालबाट भारततर्फ लैजाँदै गरिएका अनुमानित १४ लाख ३ हजार ३२६ रुपैयाँ बराबरका सामान नियन्त्रणमा लिइएको हो।

बरामद गरिएका सामानमा मोटरसाइकल, कस्मेटिक सामग्री, पित्तलका भाँडा, मदिरा, विद्युतीय उपकरण, किराना सामग्री तथा डिजेल रहेका छन् । ती सामग्री भन्सार प्रक्रिया पूरा नगरी अवैध रूपमा ओसारपसार भइरहेको अवस्थामा विभिन्न सीमा नाकाबाट नियन्त्रणमा लिइएको सुरक्षा निकायले जनाएको छ।

बरामद गरिएका सबै सामान आवश्यक कानुनी प्रक्रिया पूरा गरी सम्बन्धित भन्सार कार्यालयमा बुझाइने तयारी भइरहेको जनाइएको छ।

घटनामा संलग्न व्यक्ति तथा सम्भावित तस्करी सञ्जालबारे थप अनुसन्धान जारी रहेको सुरक्षा स्रोतले जनाएको छ। नेपाल–भारत खुला सीमाको दुरुपयोग गर्दै हुने चोरी–पैठारी, राजस्व छली तथा तस्करी नियन्त्रणका लागि सीमा क्षेत्रमा नियमित गस्ती, सघन चेकजाँच र विशेष निगरानी अभियानलाई थप प्रभावकारी बनाइएको नं. ७ गण मुख्यालयले जनाएको छ।

सुरक्षा निकायका अनुसार सीमा क्षेत्रमा निगरानी बढाइएपछि पछिल्ला महिनाहरूमा अवैध रूपमा ओसारपसार हुने सामान बरामद हुने क्रमसमेत बढ्दै गएको छ।

# ज्ञानेन्द्र शाहको ८० औं जन्मोत्सव मनाइयो

**मधेशदृष्टि**
**वीरगंज।**

पूर्व राजा ज्ञानेन्द्र शाहको ८० औं जन्मोत्सव मंगलवार वीरगंजमा राजावादी राष्ट्रबादीहरूले विभिन्न कार्यक्रम गरि मनाएको छ । यसैबीच नेपाल राष्ट्रवाद संघले घण्टाघर चोकमा माल्यार्पण सम्पन्न गरेको छ। सो अवसरमा पूर्व राजा ज्ञानेन्द्रको तश्विरमा माल्यार्पण गरिएको थियो।

नेपाल राष्ट्रवाद संघ पर्साका अध्यक्ष संगिता देवी शाहको अध्यक्षता र संघका केन्द्रीय अध्यक्ष जनक लाल शाहको मुख्य आतिथ्यमा सम्पन्न कार्यक्रममा उमाशंकर प्रसाद कलवार, पृथ्वी झा, उमेश गुप्ता, हरेराम प्रसाद रौनियार, विष्णु कुमार दासलगायतले शुभकामना मन्तब्य व्यक्त गरेका थिए । बक्ताहरूले मुलुकमा सवै खाले व्यवस्था भोगी सकेको भन्दै राज संस्थाको विकल्प नभएको बताएछन्।

# श्रीमतीको हत्या आरोपमा फरार सदाय पक्राउ

**मधेशदृष्टि**
**सप्तरी।**

सप्तरीको बोदेवर्साइन नगरपालिकाबाट प्रहरीले एकजना प्रतिवादीलाई पक्राउ गरेको छ । पक्राउ पर्ने बोदेबरसाईन नगरपालिका वडानम्बर–४ सिल्हटका २५ वर्षीय रुन्जे सदाय रहेका छन् । प्रतिवादी सादयले आफ्नै श्रीमती गीता देवी सदायको २०७६ पुस १७ गते राति १२ बजेको समयमा हत्या गरेको आरोप छ।

उक्त घटनापश्चात फरार रहँदै आएका सदायलाई आफ्नै घर सिल्हटमा लुकुछिपी बसेको अवस्थामा प्रहरीले पक्राउ गरेको हो।

उनीहरुबीच शिशु छोरीको मृत्यु भएको विषयलाई लिएर विवाद भएको थियो।

त्यसै विवादका कारण रुन्जेले श्रीमतीको हत्या गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका सूचना अधिकारी तथा प्रवक्ता प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेले बताए।

मृतक गीताका बुवा सुकराती सदाको जाहेरी अनुसार मुद्दा दर्ता भई सप्तरी जिल्ला अदालतबाट ३ दिनको म्याद थप गरी थप अनुसन्धान भइरहेको सप्तरी प्रहरीले जनाएको छ।

# गौशालाका पाँच सामुदायिक विद्यालयमा अङ्ग्रेजी माध्यममा पढाइ




**महोत्तरी।**

गौशालास्थित सात विद्यालयमा अङ्ग्रेजी माध्यमबाट पढाइ सुरु भएपछि यहाँका अभिभावकलगायत विद्यार्थीको पहिलो रोजाइ नै सामुदायिक विद्यालय बन्दै गएको छ। गौशाला नगरपालिकामा ३२ सार्वजनिक विद्यालय छन्। पहिलो चरणमा पाँच विद्यालयमा अङ्ग्रेजीमा पढाइ सुरु गरिएको हो । यहाँ कक्षा १ देखि कक्षा १२ सम्म अङ्ग्रेजी माध्यमबाट पढाइ सुरु गरेका कारण विद्यार्थीका बाबुआमा र छात्रछात्राको चाहना नै समुदायस्तरीय पाठशालामा पढ्ने रहेको छ।

त्रिभुवन मावि गौशाला र जनता मावि भरतपुरखोरमा कक्षा नर्सरीदेखि कक्षा १० सम्म, श्री मावि निगौलमा कक्षा ४ सम्म, जनता मावि रजखोरमा कक्षा ५ सम्म, श्री राष्ट्रिय मावि कान्तिवजारमा कक्षा ५ सम्म अङ्ग्रेजी माध्यममा पढाइ भइरहेको छ । पूर्वशिक्षक भरतसिंहले भने, कुनै समय अभिभावकको पहिलो रोजाइ निजी विद्यालय बन्ने गरेकोमा हाल समुदायगत विद्यालयले अङ्ग्रेजी माध्यममा पढाइ सुरु गरेपछि अभिभावकको शिक्षामा लगानी बचत भएको बताए।

जनता मावि रजखोरका प्रधानाध्यापक अमोदकुमार साहले अभिभावकको इच्छाअनुसार बिद्यालयले अङ्ग्रेजी माध्यमबाट पठनपाठन सुरुआत गरेको बताए । उनले गौशाला नगरपालिकाले शिक्षामा एकरुपता ल्याउनुपर्ने बताए। नगरपालिकाले सामुदायिक विद्यालयमा अनिवार्य अङ्ग्रेजी माध्यमबाट पठनपाठन गराउन आएको निर्देशनअनुरुप सामुदायिक विद्यालयले अङ्ग्रेजी माध्यममा पढाउन सुरुगरेको शिक्षा समितिका सदस्य जीतेन्द्रकुमार सिंहले बताए।

श्री मावि निगौलका प्रधानाध्यापक सिंहले नगरपालिकाबाट जारी गरिएको निर्देशनअनुरुप यहाँका समुदायगत बिद्यालयले अङ्ग्रेजी माध्यमबाट पठनपाठन निःशुल्क दिन थालेपछि पछिल्लो समयमा सार्वजनिक पाठशालाको चर्चा चुलिएको बताए। दरबन्दी मिलान, विद्यालय व्यवस्थापन समितिको सहयोगात्मक भूमिकालगायतका प्राविधिक पक्षलाई सम्बोधन गर्दै अङ्ग्रेजी माध्यमको पढाइलाई अभियानका रुपमा नगरपालिकाले नीति बनाएरै अगाडि बढने नगर शिक्षा अधिकृत सञ्जयकुमार सिंहले जानकारी दिए।

गौशााला नगरपालिकाका नगरप्रमुख डा दीपेन्द्र महतोले शैक्षिक गुणस्तर प्रदान गर्नका लागि स्थानीय पालिकाले अङ्ग्रेजी माध्यमबाट पढाइ सुरु गरेको जानकारी दिए। उनले विद्यालयमा तालिमप्राप्त शिक्षक, अत्यावश्यक पूर्वाधार, पाठ्यपुस्तकलगायतका आवश्यक शैक्षिक सामग्री प्रदान गर्दै अघि बढेको बताए। रासस

# नेपाल नगरपालिका संघको सदस्यमा मनोज कुमार साह मनोनित



**मधेशदृष्टि**
**जनकपुरधाम।**

जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साहलाई नेपाल नगरपालिका संघको केन्द्रीय सदस्यमा मनोनित गरिएको छ । नेपाल नगरपालिका संघको केन्द्रीय बैठकमा उनको मनोनयनको घोषणा गरिएको थियो । कार्यकारी निर्देशक कलानिधि देवकोटाले उनको मनोनयन पत्र प्रस्तुत गरे।

वार्ड अध्यक्ष रामचन्द्र पंजियार, परमेश्वर साह, मिथिलेश कर्ण, पंडित सुरेश मिश्र, राघवेन्द्र साह, बोर्ड सदस्य फूल कुमारी लगायत अन्य वडा अध्यक्षहरू, सदस्यहरू, नगरपालिकाका अधिकारीहरू, कर्मचारीहरू र शुभेच्छुकहरूले मनोज कुमार साहलाई केन्द्रीय सदस्यमा मनोनयन गरिएकोमा खुशी व्यक्त गरे।

# लक्षित वर्गका विरामीहरुलाई सहुलियत दिन जिप्रकाको निर्देशन



**मधेशदृष्टि**
**वीरगंज।**

जिल्ला प्रशासन कार्यालय पर्साले जिल्लाभित्र सञ्चालित सबै सरकारी, गैरसरकारी, निजी, सहकारी तथा गैरनाफामूलक अस्पताल तथा स्वास्थ्य संस्थालाई लक्षित वर्गका बिरामीहरूलाई कार्यविधि अनुसार अनिवार्य रूपमा छुट-सहुलियत उपलब्ध गराउन निर्देशन दिएको छ।

लक्षित वर्ग निःशुल्क उपचार पोर्टल कार्यविधि, २०८३ अनुसार आर्थिक रूपमा विपन्न, असहाय तथा बेवारिसे भनी स्थानीय तहबाट सिफारिस भएका नागरिकहरूले स्वास्थ्य उपचारका क्रममा तोकिएको छुट÷सहुलियत पाउनुपर्ने व्यवस्था रहेको छ। तर केही अस्पतालहरूले उक्त व्यवस्था कार्यान्वयन नगरेको भन्ने गुनासो प्राप्त भएपछि जिल्ला प्रशासन कार्यालयले चासो देखाएको हो।

गृह मन्त्रालय अन्तर्गतको शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको असार १७ गतेको पत्रानुसार प्रशासन कार्यालयले जिल्लास्थित अस्पतालहरूलाई कार्यविधि अनुसार छुट दिए÷नदिएको अनुगमन गरी आवश्यक प्रबन्ध मिलाउन निर्देशन दिएको जनाएको छ । पत्रमा कार्यविधि अनुसार छुट÷सहुलियत नदिने अस्पतालहरूलाई कानुन बमोजिम कारबाही गरिने उल्लेख गर्दै सोको जानकारी जिल्ला प्रशासन कार्यालयलाई उपलब्ध गराउन समेत अनुरोध गरिएको छ।

जिल्ला प्रशासन कार्यालय पर्साले सबै स्वास्थ्य संस्थालाई कार्यविधि पूर्ण रूपमा कार्यान्वयन गर्न र लक्षित वर्गका बिरामीहरूलाई उपचार सेवामा सहज पहुँच सुनिश्चित गर्न आग्रह गरेको छ।

## सम्पादकीय

# बजेट सक्ने विकास कि जनतालाई सास्ती दिने विनाश ?

आर्थिक वर्षको अन्त्य नजिकिँदै जाँदा नेपालमा एउटा पुरानो दृश्य फेरि दोहोरिन्छ बजेट सक्ने हतार, जथाभावी ठेक्का, हतारहतार सडक भत्काउने काम र त्यसको मूल्य तिर्न बाध्य नागरिक । जनकपुरधाम–९ को साकेतनगरमा अहिले देखिएको अवस्था यही विकृत विकास संस्कृतिको अर्को जीवित उदाहरण हो । केही महिनाअघि मात्रै सहज रूपमा सञ्चालनमा रहेको पक्की सडक वर्षायामको मुखमै ढल निर्माणका नाममा भत्काइयो । परिणामस्वरूप सडक अहिले हिलो, पानी र खाल्डाखुल्डीले भरिएको छ। विद्यालय जाने बालबालिका, बिरामी, ज्येष्ठ नागरिक र सर्वसाधारणले दैनिक दुःख भोगिरहेका छन्। यो विकास हो कि नागरिकलाई सास्ती दिने सरकारी लापरबाही ?

ढल निर्माण आवश्यक हो भन्नेमा कुनै विवाद छैन । तर, ढल बनाउने योजना तयार नगरी सडक बनाउने, त्यसपछि फेरि त्यही सडक भत्काएर अर्को योजना सञ्चालन गर्ने प्रवृत्ति कुनै पनि हिसाबले योजनाबद्ध विकासको परिचायक हुन सक्दैन । यो त सरकारी निकायबीच समन्वयको अभाव, योजना निर्माणमा दूरदृष्टिको कमी र सार्वजनिक स्रोतको खुला दुरुपयोगको उदाहरण हो। विकासको नाममा एउटै सडक पटक–पटक भत्काएर करोडौँ रुपैयाँ खर्च गर्नु करदाताको पसिनाको पैसामाथि गरिएको अन्याय हो। अझ दुःखद पक्ष के छ भने, यस्तो काम वर्षायाममै सुरु गरिन्छ । प्राविधिक रूपमा पनि सडक तथा ढल निर्माणका लागि वर्षा सबैभन्दा अनुपयुक्त समय मानिन्छ। पानी, हिलो र चिप्लोपनले निर्माणको गुणस्तर कमजोर बनाउने मात्र होइन, जनजीवन पनि अस्तव्यस्त बनाउँछ।

त्यसैले प्रश्न केवल सडक भत्किएको होइन, किन यस्तो समय रोजियो भन्ने हो। यदि योजना समयमै तयार गरी हिउँद वा सुख्खा मौसममा कार्यान्वयन गरिएको भए आज विद्यार्थीले जुत्ता हातमा बोकेर विद्यालय जानुपर्ने अवस्था आउने थिएन, बिरामीले अस्पताल पुग्न संघर्ष गर्नुपर्ने थिएन, स्थानीयले दैनिक सास्ती भोग्नुपर्ने थिएन।

साकेतनगरको घटनाले नेपालको विकास प्रणालीको अर्को गम्भीर रोग पनि उजागर गरेको छ संघ, प्रदेश र स्थानीय तहबीचको समन्वयहीनता । एउटाले सडक बनाउँछ, अर्कोले त्यसैलाई भत्काएर ढल हाल्छ, तेस्रो निकाय आफूलाई जानकारी नै नभएको बताउँछ। यस्तो अवस्थामा जिम्मेवारी कसले लिने ? जनताले कर तिर्ने, तर सरकारका विभिन्न तहले एकअर्कालाई दोष थोपर्ने प्रवृत्तिले संघीय शासन प्रणालीप्रति नै प्रश्न उठाउने वातावरण सिर्जना गरिरहेको छ। यस घटनामा स्थानीयवासीलाई पूर्वसूचना नदिनु अर्को गम्भीर कमजोरी हो।

नागरिकलाई असर पर्ने कुनै पनि विकास आयोजना सुरु गर्नुअघि सार्वजनिक सूचना, छलफल र पारदर्शिता अनिवार्य हुनुपर्छ। तर यहाँ त सडक किन भत्काइँदैछ, पछि पुनः निर्माण हुन्छ कि हुँदैन भन्ने आधारभूत जानकारीसमेत स्थानीयले पाएनन् । यसले योजनाको पारदर्शिता र उत्तरदायित्वमाथि थप शंका जन्माएको छ।

वास्तवमा नेपालमा विकासको परिभाषा नै उल्टो बन्दै गएको देखिन्छ । योजनाको सफलता जनताको सुविधा, गुणस्तर वा दीर्घकालीन उपयोगिताबाट होइन, आर्थिक वर्षभित्र बजेट सकियो कि सकिएन भन्ने आधारमा मापन गरिन थालेको छ।

यही मानसिकताले असार महिनालाई विकासको होइन, अव्यवस्था, हतार र अनियमितताको मौसम बनाएको छ। बजेट खर्च गर्ने प्रतिस्पर्धामा गुणस्तर, योजना, प्राविधिक मापदण्ड र जनसुविधा सबै ओझेलमा पर्न थालेका छन् । अब सरकारका सम्बन्धित निकायले यो प्रवृत्तिलाई सामान्य कमजोरीका रूपमा होइन, संरचनागत विकृतिका रूपमा लिनुपर्छ । विकास आयोजना सुरु गर्नुअघि सबै तहका सरकारबीच अनिवार्य समन्वय, एकीकृत पूर्वाधार योजना, समयमै बजेट कार्यान्वयन, सार्वजनिक परामर्श र कडा प्राविधिक अनुगमनको व्यवस्था नगरेसम्म यस्ता समस्या दोहोरिइरहनेछन् । एउटै सडक पटक–पटक भत्काउने र पुनः बनाउने काममा संलग्न निकाय तथा निर्माण कम्पनीलाई जवाफदेही बनाउने कानुनी व्यवस्था पनि प्रभावकारी रूपमा लागू हुन आवश्यक छ।

साकेतनगरको सडक केवल एउटा स्थानीय समस्या होइन, यो नेपालको विकास व्यवस्थामाथि लागेको गम्भीर प्रश्नचिह्न हो । यदि विकासले जनतालाई सुविधा दिनुको सट्टा दुःख, जोखिम र निराशा मात्र दिन्छ भने त्यस्तो विकासको औचित्य नै के रहन्छ ? सरकारको पहिलो दायित्व बजेट खर्च गर्नु होइन, जनताको जीवन सहज बनाउनु हो । त्यसैले अब समय आएको छ 'असारे विकास'को राजनीतिक र प्रशासनिक संस्कृतिलाई अन्त्य गरी योजनाबद्ध, उत्तरदायी र जनमुखी विकासको नयाँ अभ्यास सुरु गर्ने। अन्यथा, सडकहरू फेरि–फेरि भत्किनेछन्, बजेट फेरि–फेरि सकिनेछ, तर विकास भने कहिल्यै पूरा हुने छैन।

# स्थानीय सरकार र मिडिया परिचालन



सिद्धराज राई

काठमाडौँ।

नेपालमा तीन तहको सरकार सञ्चालनमा रहेको छ । सङ्घीय सरकार, सातवटा प्रदेश सरकार, ७५३ वटा स्थानीय तह सरकार र छ हजार ७४३ वडा रहेका छन्। नेपालको संविधान २०७२ को धारा ५६ मा राज्यको संरचना, धारा ५७ मा राज्य शक्तिको बाँडफाँड र धारा ५९मा आर्थिक अधिकारको प्रयोगसम्बन्धी व्यवस्था गरेको छ। त्यसैले स्थानीय सरकार आफैँ नीति र कार्यक्रम बनाउने, आर्थिक बाँडफाँट गरी बजेट बनाउने र आवश्यक कानुन बनाउने र कार्यान्वयन गर्ने हैसियत राख्दछ। त्यस्तै संविधानको धारा २२१ देखि २३० सम्म स्थानीय व्यवस्थापिका गठन, सञ्चालन प्रक्रियाको विषयमा उल्लेख छ। यही कानुन र विधिअनुसार स्थानीय सरकार सञ्चालन भएको पनि नौ वर्ष पूरा भएको छ । स्थानीय सरकारको प्रभावकारिता दिनानुदिन बढिरहेको छ । त्यस्तै नेपाली प्रेसले पनि राणा शासन, २००७ देखि २०१७ सालसम्म प्रजातन्त्र, २०१७ देखि २०४६ सालसम्मको पञ्चायती व्यवस्था, २०४६ पछिको बहुदलीय प्रजातन्त्र, १० वर्षको माओबादी सशस्त्र विद्रोह, २०५९ माघ १९ पछि प्रजातन्त्र 'कू' गरेर राजाको शासन र २०६२÷६३ सालको ऐतिहासिक जनआन्दोलनपछिको लोकतान्त्रिक शासन व्यवस्था पछिको २० वर्ष भोगेर आएको छ। २०४७ को संविधानले झैं २०६३ सालको अन्तरिम संविधानमा पनि प्रेस स्वतन्त्रताको पूर्णरुपमा प्रत्याभूति गरिएको थियो।

नेपालको संविधान–२०७२ को प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रता उल्लेख गरिएको छ। संविधानको भाग–३ को मौलिक हक र कर्तव्यअन्तर्गत धारा १७ मा स्वतन्त्रताको हक, धारा १९ मा सञ्चारको हक, धारा २७ मा सूचनाको हक र धारा २८ मा गोपनीयताको हक उल्लेख छ। धारा १९ मा सञ्चारसम्बन्धी हकमा कुनै समाचार, लेख, सम्पादकीय, श्रव्य वा श्रव्यदृश्य सामग्रीलाई प्रकाशन वा प्रसारण गर्नुअघि रोक लगाइने छैन । कुनै सामग्री प्रकाशित गरेको कारण रेडियो, टेलिभिजन, अनलाइन, पत्रपत्रिका वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज गर्न पाइँदैन भनेर प्रस्ट उल्लेख छ । यही पृष्ठभूमिमा आधारित भएर मिडिया र स्थानीय सरकारको सम्बन्ध र दायित्व स्थापित भएका छन् । हामीले राजनीतिक स्थायित्व प्राप्त ग¥यौँ भनिरहँदा नेपाली पत्रकारितामा केही जटिल प्रश्न उब्जेका छन् । अर्को चुनाव आउने बेलासम्म नेपालको पत्रकारिताको स्थिति कस्तो होला ? स्थानीय तह र प्रदेशको पत्रकारिता कस्तो होला ? प्रश्न र आशङ्का जन्माएको छ। मिडियाको शाब्दिक अर्थ माध्यम हो। वास्तवमा मिडिया नागरिकका लागि तथ्यपरक सूचना र जानकारी प्राप्त गर्ने माध्यम नै हो । पारम्परिक रुपमा रेडियो, टेलिभिजन र पत्रपत्रिकाहरुलाई सञ्चारको माध्यम मानिन्थ्यो भने भौतिक विज्ञान र सूचना प्रविधिको तीव्र विकास भएको आजको युगमा मिडिया केवल छापा र श्रव्यदृष्य माध्यममै सीमित रहेन। अहिले डिजिटल मिडियाको युग चलिरहेको छ। यतिबेला मिडियाले इन्टरनेटको दुनियाँबाट सामाजिक सञ्जालहरु हुँदै कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स) सम्मको क्षेत्रलाई समेटि सकेको छ । त्यसैले आजको युगमा मिडियाले लोकतन्त्रको प्रवद्र्धन र जवाफदेही शासन व्यवस्था निर्माणका लागि अत्यन्तै महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्।

संविधान र कानुनले स्थानीय सरकारलाई मिडिया सञ्चालन गर्ने अधिकार दिएको छ । त्यही व्यवस्थालाई टेकेर स्थानीय सरकारले मिडियालाई प्रवद्र्धन र नियमन गर्नसक्ने गरी कानून वा विधि बनाउने गरेका छन्। मिडियाले मूलतः सुशासनका सूचकहरुमा सरकारको अवस्था के छ भनेर उजागर गर्ने काम गर्दछ । पारदर्शी, जवाफदेही, प्रभावकारी र सुशासनयुक्त सेवा प्रवाहका लागि सरकारले गर्नुपर्ने कामबारे सचेतना फैलाउने काम मिडियाले गर्दछ । सरकारी निकायहरु सेवा प्रवाह गर्ने कार्यमा चुकेका छन् भने नागरिक समक्ष सृूचना प्रवाह गरेर उनीहरुलाई जवाफदेही बनाउने प्रयत्न मिडिया र पत्रकारले गर्नुपर्दछ । यस अर्थमा स्थानीय सरकार र मिडियाको सम्बन्ध परस्पर सहयोगात्मक र खबरदारीयुक्त दुवै हो भन्न सकिन्छ । मिडियाले सबै तहका सरकारबाट प्रत्यक्ष वा परोक्ष कुनै प्रकारको लाभ लिँदै गर्दा उनीहरुले आफ्नो कर्तव्य भुल्नुहुँदैन। मिडियाले समाजको बृहत्तर परिवर्तनका साथै आर्थिक एवं सामाजिक रुपान्तरणका लागि पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । यसमा मुख्यगरी मिडियाले प्रकाशन तथा प्रशारण गर्ने विषयको सत्य, तथ्यमा आधारित हुन पर्दछ। मिडियामा आएका र आउने समाचार, सूचना र विज्ञापन जस्ता सामग्रीले निर्माण गर्ने धारणा वा भाष्यले नागरिकलाई फाइदा पुग्छ कि पुग्दैन भनेर ध्यान दिनु जरुरी हुन्छ । मिडिया 'कन्टेट'को सही विश्लेषण गर्न सकिएन भने केही सिमित व्यक्ति, समूह र संस्थाको निजी हित प्रवद्र्धनका लागि मात्र 'मिडिया ट्रायल' हुनसक्ने सम्भावना रहन्छ । आज स्थानीय सरकार र मिडियाबीचमा सबैभन्दा ठूलो खतरा यही विषय रहेको छ।

मिडिया परिवर्तनको संवाहक हो । समाज र राज्यको पहरेदार हो । आवाजबिहीनहरुको आवाज हो । लोकतन्त्रको आधार हो । राजनीतिक परिवर्तनले ल्याउने उपलब्धिलाई जनताको घरदैलोसम्म सञ्चार गर्ने काम हो । यसर्थ असल शासनको प्रवद्र्धनका लागि पनि मिडियाले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । मिडियाले स्थानीय तहका योजना, बजेट र सेवा प्रवाहबारे नागरिकलाई जानकारी पु¥याएर सुशासन कायम गर्न सघाउँछ । जनता र सरकारबीच सूचना आदानप्रदान गर्ने पुलको रुपमा काम गरी पारदर्शी बनाउने विश्वासको वातावरण निर्माणका लागि मिडियाले सहयोग पु¥याउँछ । स्थानीय सञ्चार माध्यमहरूले जनताका समस्या, गुनासा र स्थानीय सरकारको कामबारे रिपोर्टिङ गरेर रचनात्मक खबरदारीको भूमिका निर्वाह गर्छ । साँचै भन्दा सरकारी निकायको सेवा र जनताको अपेक्षामा 'वाचडग'को भूमिका निभाउन सक्छ। स्थानीय सरकारले नागरिकको सूचनाको हक सुनिश्चित गर्न र स्थानीय सञ्चार माध्यमको प्रवद्र्धनका लागि नीति र कार्यक्रम बनाएर साझेदारी गर्न सक्छ । जस्तैः सञ्चार नीति, विज्ञापन नीति, कार्यक्रम सञ्चालन र प्रचारप्रसार नीति, क्षमता विकास नीति बनाउन सकिन्छ तर यो कार्य धेरै स्थानीय सरकारले गरेका छैनन् । मिडियाले तथ्यपरक रिर्पोटिङ्ग गरेर स्थानीय सरकारलाई उत्तरदायी र जवाफदेही बनाउन भूमिका खेल्नसक्छ । स्थानीय सरकारले प्रेस स्वतन्त्रताको सम्मान गर्दै मिडियाको विकासमा सहयोग गर्नुपर्छ। सरकार प्रशंसा चाहने र मिडिया आलोचनात्मक हुने, यी दुवैको मूल गुण हो । त्यसैले दुबैबीचको सम्बन्धमा रचनात्मक सन्तुलन आवश्यक छ । कर्तब्यपालना गर्दा भएका कार्यमा समन्वय हुन आवश्यक रहेको छ। स्थानीय तहलाई संविधानले दिएको अधिकारलाई कार्यान्वयन गर्न सघाउनु मिडियाको कर्तव्य हो । स्थानीय तहको क्षेत्राधिकार र कार्यक्षेत्रको प्राथमिकताबारे नागरिकसमक्ष सचेतना फैलाउने सामग्रीहरु सम्प्रेषण गर्नु मिडियाको दायित्व हो। यो कार्यमा स्थानीय सरकारले मिडियामैत्री योजना बनाउनुपर्छ।

स्थानीय जनप्रतिनिधिहरुले गरेका चुनावी प्रतिवद्धताहरुको कार्यान्वयन कसरी भइरहेको छ भनेर विवेचनात्मक र यथार्थपरक टिप्पणी गरी सचेत र स्मरण गराउनु मिडियाको कर्तव्य र दायित्व हो स्थानीय तहले सेवा प्रवाहका क्रममा भए गरेका नवीन प्रयोगहरु छन् भने त्यसलाई सम्पे्रषण गरी नागरिक समक्ष जानकारी दिने कार्यमा मिडियाले सहयोग गर्न सक्छ । आवाजविहीनहरुको आवाज बन्नका लागि नागरिकले भोग्नुपरेको सास्ती र झन्झटलाई बाहिर ल्याउने र सेवा प्राप्तिको सरल तरिकाहरुबारे जानकारी दिने कार्य मिडियाले गर्नु पर्दछ । यस्ता विषय बाहिर आउँदा दुबै पक्षले कर्तब्य सम्झिनुपर्छ। स्थानीय तहले मिडियालाई आफूले गरेका कामको मूल्याङ्कन गर्न लगाउने, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र अनुगमनमा सहभागी गराउने, नियमित प्रेस भेटघाट गरेर जानकारी दिनुपर्दछ । यसो गर्दा विश्वासको वातावरण बन्दछ । स्थानीय सरकारले स्थानीय मिडियाको विकास, प्रवद्र्धन र क्षमता विकास गर्न स्पष्ट नीति बनाउन आवश्यक छ । मिडिया बलियो भएन भने लोकतान्त्रिक अभ्यास बलियो हुँदैन। स्थानीय मिडिया जोगाउने स्थानीय सरकारको भूमिका देखिनुपर्छ । जस्तैः विज्ञापन, सूचना, तालिम, सञ्चार उपकरण खरिदमा सहयोग गर्न सक्छ। स्थानीय सरकार र मिडियाबीचको सम्बन्ध लोकतन्त्रमा परस्पर परिपूरक हुनु पर्दछ। स्थानीय सरकारले आफ्ना नीति, योजना र सेवा प्रवाहबारे नागरिकलाई सुसूचित गराउन मिडियासँग साझेदारी गर्दछ । स्थानीय सरकार र मिडियाबीचको सम्बन्ध शासक र शासितको जस्तो नभई सुशासन र विकासका लागि सहकार्यमा आधारित हुनुपर्छ। रासस

# ठमेलमा बढे भारतीय पर्यटक

अच्युत रेग्मी



**काठमाडौँ।**

सङ्घीय राजधानीको प्रमुख पर्यटकीय गन्तव्य ठमेलमा पछिल्लो समय भारतीय पर्यटकको सङ्ख्यामा वृद्धि भएको छ । पहिले पहिले प्रायः अरु देशका पर्यटकहरूको केन्द्र रहने गरेको ठमेलमा अहिले भने भारतीय पर्यटकको बाहुल्यता हुने गरेको छ। प्रकृति, संस्कृति र साहसिक खेलका लागि उत्कृष्ट गन्तव्यका रूपमा रहेको नेपाल घुम्नका लागि पछिल्लो समय भारतीय पर्यटकहरू आउने गरेका छन्। केही समययतादेखि काठमाडौँको ठमेल क्षेत्रमा साँझपख भारतीय पर्यटकको विशेष चहलपहल देखिन थालेको यहाँका होटल तथा अन्य पर्यटन व्यवसायीहरू बताउँछन्। विशेष गरी काठमाडौँमा अधिकांश भारतीय पर्यटकहरू रहने भनेको पशुपतिनाथ क्षेत्रमा हो । तर यसबाहेक पनि स्वयम्भूनाथ, बौद्धनाथ, पाटन र काठमाडौँ दरबार क्षेत्रमा रहेका सम्पदा र स्थलहरूको भ्रमणमा पनि उनीहरू उत्तिकै रमाउने गरेका छन् । तर पछिल्लो समय भने काठमाडौँ आएका भारतीय पर्यटकहरूको केन्द्र ठमेल पनि बन्न थालेको छ । उनीहरूले यहाँ रहेर नेपाली खानाको परिकार, सांस्कृतिक वातावरणको अनुभव लिनुका साथै नेपाली हस्तकलालगायतका सामग्रीहरूको किनमेलमा पनि उनीहरू रमाउने गरेका छन्।

ठमेल पर्यटन विकास परिषद्का अध्यक्ष ध्रुव अधिकारीले पछिल्लो समय भारतीय पर्यटकका कारण ठमेल क्षेत्रको अर्थतन्त्र चलायमान भएको बताउँछन् । 'भारतीय पर्यटकका कारण अहिले ठमेल क्षेत्रका होटल, रेस्टुरेन्ट, पसल र क्लबहरू भरिभराउ भएका छन्, यो ठमेलका लागि खुसीको कुरा हो,' उनी भन्छन् । काठमाडौँ महानगरपालिका–१६ ठमेलस्थित चारतारे होटल रमदा इन्कोर काठमाडौँका महाप्रबन्धक महेश फुँयाल अहिलेको समयमा आफ्नो होटलमा आउने पर्यटकमध्ये ३० प्रतिशत भारतीय मात्र रहने गरेको बताउँछन् । 'काठमाडौँभित्रको पशुपतिनाथ मन्दिर दर्शन गर्न आउने पर्यटकहरू धेरै रहेका छन्,' उनी भन्छन् । उनी काठमाडौँमा आउने धेरै भारतीय पर्यटक पशुपति, गौशाला क्षेत्रमा बस्ने गरे पनि ठमेलमा पनि हिजोआज भारतीय पर्यटकको चहलपहल राम्रो रहेको बताउँछन् । नेपाल घुम्न आउने पर्यटकमध्ये ८० प्रतिशत पर्यटक ठमेल आउने गरेका छन् । ठमेल पुरानो सांस्कृतिक तथा ऐतिहासिक बजार हो । ठमेलभित्र मेलेश्वर मन्दिर, मैत्रीपुर महाविहार, नाट्टेश्वर, त्रिदेवी मन्दिर, अशोक चैत्य, भगवान बहाल, भगवती मन्दिर, भीमसेनपाटी, गाःहिटी, गुणाकर महाविहार, करुणापुर महाविहार, तःहिटी चैत्य, श्री गाहा चैत्य रहेका छन्।

सन् २०२५ मा विदेशबाट नेपाल आएका कुल ११ लाख ५८ हजार ४५९ पर्यटकमध्ये छिमेकी मुलुक भारतबाट मात्र २५.२ प्रतिशत अर्थात् दुई लाख ९२ हजार ६२४ पर्यटक नेपाल भित्रिएका थिए । यस्तै, सन् २०२६ को ६ महिनामा ६ लाख २० हजार ४५३ विदेशी पर्यटक नेपाल भित्रिएका छन्। जसमध्ये छिमेकी मुलुक भारतबाट मात्र एक लाख ७२ हजार ४८१ पर्यटक नेपाल भित्रिएका छन् । भारतबाट जनवरीमा २६ हजार ६२४, फेब्रुअरीमा २२ हजार ७४५, मार्चमा २५ हजार ७२८, अप्रिलमा १५ हजार १९६, मेमा ४० हजार ७८२ र जुनमा ४१ हजार ८०९ पर्यटक नेपाल घुम्न आएका हुन् । नेपाल पर्यटन बोर्डका सञ्चार परामर्शदाता दिलिप कार्की नेपाल पर्यटन बोर्डको वार्षिक नीति तथा कार्यक्रम भारत केन्द्रित गरेका कारण नेपालमा भारतीय पर्यटकको संख्यामा उल्लेख्य वृद्धि भएको बताउँछन् । नेपालले गएको एक वर्षमा भारतका मुख्य बजारमा २४ वटा पर्यटन प्रवद्र्धनसम्बन्धी मार्ट सञ्चालन गरेको उनको भनाइ छ।

यस्तै, पर्यटन बोर्डले पूर्वको झापादेखि पश्चिमको कञ्चनपुरसम्म तराईका मुख्य नाकाहरूमा नेपालको पर्यटकीय गन्तव्यको प्रचारप्रसारका लागि विभिन्न कार्यक्रम सञ्चालन गरेको थियो । उक्त कार्यक्रमले विभिन्न नाका हुँदै नेपाल भित्रिने भारतीयहरूको संख्यामा वृद्धि भएको छ । यसैगरी, पछिल्लो समय जलवायु परिवर्तनका कारण भारतमा गर्मी ह्वात्तै बढेको र गर्मी छल्नका लागि पनि भारतीय पर्यटकहरू नेपाल आउने गरेका छन् । पछिल्लो समय भारतीय पर्यटकको आगमनले पर्यटकीय राजधानी पोखराका होटलसमेत भरिभराउ भएका छन् । पोखराको सराङकोटमा सञ्चालित नयाँगाउँ इको रिसोर्टका सञ्चालक विष्णुप्रसाद धिताल पछिल्लो समय भारतीय पर्यटकको आगमनले पोखराको पर्यटन क्षेत्रलाई चलायमान बनाएको बताउँछन् । आफ्नो रिसोर्टमा बढी मात्रामा भारतको उत्तर प्रदेश र विहारबाट पर्यटक आउने गरेको उनको भनाइ छ। नेपाल र भारतको खुला नाकाका कारण सिद्धार्थ राजमार्ग हुँदै पोखरा हुँदै मुस्ताङको मुक्तिनाथ बढी मात्रामा भारतीयहरू जाने गरेका छन्। नेपाल घुम्न आएका पर्यटकहरूमध्ये अधिकांश पर्यटक मुक्तिनाथ, पशुपतिनाथलगायतका मठमन्दिर घुम्न आउने गरेका छन्। धार्मिक पर्यटनका रूपमा यहाँ भारतीय तीर्थयात्रीहरू आउने गरेका हुन्। रासस

# पोर्चुगललाई पराजित गर्दै स्पेन क्वाटरफाइनलमा



**काठमाडौं ।**
फिफा विश्वकपको राउन्ड अफ–१६ अन्तर्गत भएको रोमाञ्चक प्रतिस्पर्धामा स्पेनले पोर्चुगललाई १–० ले पराजित गर्दै क्वाटरफाइनलमा स्थान सुरक्षित गरेको छ । अमेरिकाको डलास खेलमैदानमा भएको खेलमा निर्धारित ९० मिनेटसम्म दुवै टोलीले गोल गर्न नसकेपछि खेल अतिरिक्त समयमा जाने सङ्केत देखिएको थियो । तर खेलको दोस्रो हाफको अतिरिक्त समयमा मिकेल मेरिनोले निर्णायक गोल गर्दै स्पेनलाई महत्वपूर्ण जित दिलाए ।

यो जितसँगै स्पेन विश्वकपको क्वाटरफाइनलमा प्रवेश गरेको छ भने पोर्चुगलको उपाधि यात्रा राउन्ड अफ–१६ मै समाप्त भएको छ । यसैबीच, स्पेन १६ वर्षपछि विश्वकपको क्वाटरफाइनलमा प्रवेश गरेको हो । यसअघि सन् २०१० मा विश्वकप च्याम्पियन बनेको स्पेन त्यसयता क्वाटरफाइनलमा पुग्न सकेको थिएन । अन्तिम समयमा विजयी स्पेन विजयी भएसँगै पोर्चुगल विश्वकपबाट बाहिरिएको छ । रासस

# विश्वकपमा निष्पक्षतामाथि बहस




**जेनेभा ।**
फिफाले अमेरिकी स्ट्राइकर फोलारिन बालोगुनमाथिको निलम्बन अन्तिम समयमा हटाउने निर्णय गरेपछि विश्वकप फुटबलको निष्पक्षता, नियमको समान प्रयोग र राजनीतिक प्रभावबारे व्यापक बहस सुरु भएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र फिफा अध्यक्ष जियानी इन्फान्टिनोबीच भएको टेलिफोन संवादपछि आएको निर्णयले अन्तर्राष्ट्रिय फुटबल वृत्तमा गम्भीर प्रश्न उठाएको छ ।

बालोगुनलाई बोस्निया–हर्जेगोभिनाविरुद्धको खेलमा गम्भीर फाउलका कारण रातो कार्ड देखाइएको थियो । सामान्यतः यस्तो अवस्थामा कम्तीमा एक खेलको प्रतिबन्ध लाग्ने भए पनि फिफाको अनुशासनात्मक समितिले आइतबार निलम्बन हटाउँदै उनलाई ४० हजार अमेरिकी डलर जरिवाना गरेर खेल्न अनुमति दिएको थियो । त्यसपछि सोमबार बेल्जियमविरुद्धको विश्वकपको नकआउट खेलमा उनी मैदान उत्रिए ।

तर विवादास्पद निर्णयले अमेरिकालाई फाइदा पुग्न सकेन । बालोगुन टोलीमा रहे पनि अमेरिका बेल्जियमसँग ४–१ ले पराजित हुँदै प्रतियोगिताबाट बाहिरियो । यद्यपि खेलको नतिजाभन्दा बढी चर्चा फिफाको निर्णय र त्यसको प्रक्रियाले पायो ।

युरोपेली फुटबल महासङ्घ ९युइएफए० ले फिफाले 'लक्ष्मण रेखा पार गरेको' टिप्पणी गर्दै निर्णयलाई अभूतपूर्व, अन्यायपूर्ण र बुझ्न कठिन भनेको छ । युइएफएका अनुसार नियमको निश्चितता र समान कार्यान्वयन खेलको विश्वसनीयताको आधार हो र त्यसमा कमजोरी आए प्रतियोगिताको अखण्डता नै जोखिममा पर्छ । बेल्जियम फुटबल सङ्घले पनि बालोगुनको योग्यतामाथि औपचारिक आपत्ति जनाएको थियो । तर फिफाको अपिल समितिले खेल सुरु हुनुभन्दा केही घण्टाअघि बेल्जियमको चुनौती खारेज गर्दै त्यसलाई मुद्दा उठाउने कानूनी आधार नभएको निष्कर्ष निकालेको थियो । बेल्जियमले अझै स्विट्जरल्यान्डस्थित खेलकुद मध्यस्थता अदालतमा जाने विकल्प खुला राखेको छ ।

फिफाका पूर्वअध्यक्ष सेप ब्लाटरले सामाजिक सञ्जालमार्फत प्रतिक्रिया दिँदै रातो कार्ड राजनीतिक फोन कलका आधारमा नभई नियम, प्रमाण र स्वतन्त्र निकायका निर्णयबाट मात्र उल्टिनुपर्ने बताउनुभयो । स्विस फुटबल सङ्घले पनि प्रतियोगिताको विश्वसनीयता स्पष्ट र स्थिर नियममा निर्भर रहने जनाएको छ ।

विभिन्न राष्ट्रिय टोलीका प्रशिक्षकहरूले पनि निर्णयप्रति असन्तुष्टि व्यक्त गरेका छन् । नर्वेका प्रशिक्षक स्टाले सोलबाक्केनले यसले भविष्यका रातो कार्डसम्बन्धी निर्णयमा अन्योल सिर्जना गर्ने बताए । इङ्गल्यान्डका प्रशिक्षक थोमस टुचेलले पनि अब पहेँलो कार्डसमेत पुनरावलोकन हुनसक्ने अवस्था सिर्जना भएको टिप्पणी गरे ।

फिफाले भने आफ्नो निर्णयको बचाउ गरेको छ । संस्थाले रातो कार्डका कानूनी परिणाम पुनरावलोकन गर्नु आधुनिक फुटबलमा नयाँ विषय नभएको र युरोपका धेरै शीर्ष लिगमा यस्ता निर्णय नियमित रूपमा हुने गरेको जनाएको छ । फिफाका अनुसार यसलाई खेलको निष्पक्षताविरुद्धको कदमका रूपमा व्याख्या गर्नु उचित होइन । विवादको केन्द्रमा अमेरिकी राष्ट्रपति ट्रम्पको भूमिका पनि रहेको छ । ट्रम्पले सोमबार आफूले इन्फान्टिनोलाई फोन गरेर घटनाको समीक्षा गर्न आग्रह गरेको स्वीकार गरे । यद्यपि उहाँले कुनै विशेष निर्णयको दबाब नदिएको दाबी गरे । उनले रातो कार्डलाई 'डरलाग्दो निर्णय' भन्दै दुई खेलाडीबीचको सामान्य टक्करको रूपमा आफूले हेरेको बताए ।

इन्फान्टिनोले भने फिफाका न्यायिक निकाय स्वतन्त्र रहेको र उनीहरूले स्वायत्त रूपमा निर्णय गर्ने स्पष्ट पारेका छन् । ट्रम्पसँगको कुराकानीमा पनि आफूले कानूनी प्रक्रिया जारी रहेको जानकारी मात्र गराएको उनको भनाइ छ । इन्फान्टिनो र ट्रम्पबीचको निकट सम्बन्ध यसअघि पनि विवादको विषय बनेको थियो ।

गत वर्ष फिफा काङ्ग्रेस ढिलो भएको घटनादेखि लिएर ट्रम्पलाई फिफा शान्ति पुरस्कार प्रदान गरिएको विषयसम्म युरोपेली फुटबल वृत्तले पटक–पटक चासो व्यक्त गर्दै आएको छ । नर्वे फुटबल सङ्घले त इन्फान्टिनोमाथि राजनीतिक तटस्थता उल्लङ्घन गरेको आरोप लगाउँदै नैतिक उजुरीसमेत समर्थन गरेको थियो ।

बालोगुनको घटनाले विश्वकपमा अनुशासनात्मक निर्णयसम्बन्धी फिफाको पछिल्लो अभ्यासमाथि पनि प्रश्न उठाएको छ । यसअघि पोर्चुगलका क्रिस्टियानो रोनाल्डो, इक्वेडरका मोइसेस काइसेडो, अर्जेन्टिनाका निकोलस ओटामेन्डी लगायत केही खेलाडीलाई पनि अपेक्षाभन्दा नरम सजाय दिइएको भन्दै आलोचना भएको थियो ।

त्यस्तै दक्षिण अफ्रिकाका थेम्बा ज्वानेजस्ता खेलाडीले भने समान प्रकृतिको घटनामा कडा प्रतिबन्ध भोग्नुपरेको उदाहरणसमेत प्रस्तुत गरिएको छ ।

यस घटनापछि विश्व फुटबलमा नियमको समान प्रयोग, न्यायिक निकायको स्वतन्त्रता र राजनीतिक प्रभावबाट खेललाई टाढा राख्ने विषय फेरि बहसको केन्द्रमा पुगेको छ । बेल्जियमले थप कानूनी प्रक्रिया अघि बढाउने सम्भावना रहेकाले विवाद अझै केही समय जारी रहने सङ्केत देखिएको छ । रासस

# विषादीरहित तरकारी उत्पादनतर्फ आकर्षित भए किसान



**नवलपरासी ।**
नवलपरासी (बर्दघाट–सुस्तापूर्व)को बुलिङ्टार गाउँपालिकाका किसान विषादीरहित तरकारी उत्पादनमा जुटेका छन् । तरकारी तथा अन्नबालीमा विषादीबाट हुने क्षतिका बारेमा जानकारी पाएपछि यहाँका किसान खेतबारीमा रासायनिक विषादीलाई निरुत्साहित गर्दै प्राङ्गारिक खेतीतर्फ अग्रसर भएका हुन् । बुलिङ्टार गाउँपालिका–१ की पहलसिं सारु मगरले स्थानीय सामग्रीबाट झोल मल तयार पारेर अन्नबालीमा प्रयोग गर्न थालेको बताइन् । 'हामीले झोल मल–१, झोल मल–२ र झोल मल–३ तयार पारेका छौँ,' उनले भनिन्, 'तीनवटै झोल मलको प्रयोग फरकफरक कामका लागि हुन्छ ।' मल–१ माटो सुधारका लागि, मल–२ कीराको सङ्क्रमणबाट जोगिन तथा मल–३ कीरा भगाउनका लागि प्रयोग गर्ने गरिएको मगरले जानकारी दिइन् ।

झोल मल बनाउँदा स्थानीयस्तरमा उत्पादन हुने असुरो, खुर्सानी, लसुन, अदुवा, निमपत्ता, गाईको पिसाबलगायत सामग्री प्रयोग हुने उनको भनाइ छ । यहाँका किसानलाई प्राङ्गारिक खेती गर्न प्रेरित गर्ने उद्देश्यले गाउँपालिकाले विभिन्न सङ्घसंस्थाको सहयोगमा अभिमुखीकरण तालिम सञ्चालन गरेको थियो । बुलिङ्टार गाउँपालिकाको कृषि शाखाका प्राविधिक सहायक विष्णु ढकालले पालिकाभित्रका कृषक पछिल्लो समय प्राङ्गारिक खेतीतर्फ अग्रसर भएका बताए । 'यहाँका किसानले पहिला अत्यधिक विषादी र रासायनिक मल प्रयोग गरेर अन्नबाली उब्जनी गर्ने गर्थे,' उनले भने, 'हिजोआज कृषकमा सचेतना बढेको छ, विषादीले पुऱ्याउने हानिबारे जानकारी पाएपछि उनीहरू प्राङ्गारिक खेतीतर्फ आकर्षित भएका हुन् ।'

पालिकाले कृषकलाई प्राङ्गारिक खेतीतर्फ आकर्षित गर्न विभिन्न समयमा तालिम दिने तथा विभिन्न स्थानीय प्रजातिका तरकारी बालीका बीउ उपलब्ध गराउन विभिन्न संस्थासँग सहकार्य गरिदिने काम गरेको ढकालले बताए । यहाँका किसानले उत्पादन गर्ने गरेको तरकारी स्थानीय बजारसँगै कावासोती, गैँडाकोट र नारायणघाटसम्म पुग्ने गरेको छ । स्थानीय खुमसरा आले मगरले आफूहरूले काँक्रो, टमाटर, भिण्डी, करेला, बोडी, फर्सी, काउली, बन्दालगायत तरकारी उत्पादन गरेर बिक्रीवितरण गर्दै आएको बताइन् । 'विषादी प्रयोग नगरी उत्पादन गरिएको तरकारीको माग धेरै छ,' उनले भनिन्, 'हामीले उत्पादन गरेको तरकारी बेच्नका लागि बजारको समस्या हुने गरेको छैन ।'

बुलिङ्टारका कृषकले उत्पादन गरेको तरकारी घरबाटै बिक्री हुँदै आएको मगरले बताइन् । तरकारी बिक्रीबाट हुने आम्दानीले दैनिक घरखर्च चलाउनुका साथै केटाकेटीको शिक्षामा खर्च गर्दै केही रकम सहकारीमा बचत गर्न पुग्ने गरेको उनको भनाइ छ । आफूले नमुना प्लट निर्माण गरेर तरकारीखेती गर्दै आएको मगरले जानकारी दिइन् । हामीले भक्तपुरे काँक्रो लगाएका छौँ, घरबाटै प्रतिकिलो रु ५० मा बिक्री हुने गरेको छ, उनले भनिन् । प्राङ्गारिक खेती गर्न थालेपछि आफूहरूलाई रासायनिक मलको अभावमा पनि समस्या नहुने भन्दै उनले विषादीबाट हुने स्वास्थ्यसम्बन्धी समस्याको चिन्ता पनि हराएको बताइन् । विषादीरहित तरकारीखेती सुरु गरेपछि सुरक्षित पर्यावरणसँगै स्वास्थ्य राम्रो भएको भन्दै स्थानीय कृषक खुसी भएका छन् । स्थानीय कृषक टकबहादुर खण्डलुकले पहिला हाइब्रिड खेती गर्ने गरेकामा अहिले स्थानीय प्रजातिका तरकारी तथा अन्नबाली खेती सुरु गरेको बताए । केही वर्षअघिसम्म नवलपुरको विकट पहाडी क्षेत्रका रूपमा रहेको बुलिङ्टार गाउँपालिकालाई कालीगण्डकी करिडोरले छोएपछि अहिले यहाँ उत्पादन भएका कृषिजन्य सामग्री सहजै बजार केन्द्रसम्म पुग्ने गरेका छन् । यहाँबाट सङ्कलन गरिएका कृषिउपज एक घण्टाभित्र नारायणघाट सहितका बजार केन्द्रमा पुऱ्याइने गरेको कृषकहरू बताउँछन् । रासस

# हर्मुजमा ट्याङ्करमाथि प्रहार, तनाव चुलियो

**दुबई।**
इरानका दिवङ्गत सर्वोच्च नेता अयातुल्ला अली खामेनीको अन्त्येष्टि जारी रहेका बेला विश्व ऊर्जा आपूर्तिको प्रमुख समुद्री मार्ग हर्मुज जलघाँटीमा फेरि एकपटक ट्याङ्करमाथि प्रहार भएको छ। ओमानको तट नजिक यात्रा गरिरहेको तरलीकृत प्राकृतिक ग्यास (एलएनजी) बोकेको ट्याङ्करमा मङ्गलबार बिहान प्रहार भएपछि आगलागी भएको बेलायती सेनाले जनाएको छ। घटनाले यस क्षेत्रको सुरक्षा, अन्तर्राष्ट्रिय व्यापार र इरान–अमेरिका तनावलाई थप जटिल बनाएको छ । बेलायतको युनाइटेड किङ्गडम मेरिटाइम ट्रेड अपरेसन्स (युकेएमटीओ) का अनुसार ओमानको लिमाह क्षेत्र नजिक दक्षिणतर्फ गइरहेको ट्याङ्करको बायाँ भागमा प्रक्षेप्य प्रहार भएको थियो । आगलागी भए पनि घटनाबाट वातावरणीय क्षति नभएको र सम्बन्धित निकायहरूले अनुसन्धान अघि बढाइरहेको जनाइएको छ।



पर्सियन खाडी र ओमानको खाडी जोड्ने हर्मुज जलघाँटी विश्वकै सबैभन्दा व्यस्त ऊर्जा व्यापारिक मार्गमध्ये एक हो। विश्वको करिब पाँचौँ भाग तेल तथा प्राकृतिक ग्यास यही मार्ग हुँदै ओसारपसार हुने भएकाले त्यहाँ हुने प्रत्येक सुरक्षा घटनाले अन्तर्राष्ट्रिय बजारमा प्रत्यक्ष प्रभाव पार्ने गरेको छ। इरानी सरकारी टेलिभिजनले कतारबाट एलएनजी बोकेको ट्याङ्कर आक्रमणमा परेको जनाएको भए पनि आक्रमणको जिम्मेवारी तेहरानले औपचारिक रूपमा स्वीकार गरेको छैन । यसअघि इरानले आफ्नो स्वीकृत समुद्री मार्गबाहेक अन्य मार्ग प्रयोग गर्ने जहाजहरूलाई चेतावनी दिँदै आएको थियो । गत बिहीबार इरानको संयुक्त सैन्य कमान्डले जलघाँटीबाट गुड्ने सबै तेल ट्याङ्करले स्वीकृत मार्ग प्रयोग गर्नुपर्ने र अमेरिकी सैन्य हस्तक्षेप भए त्यसको 'द्रुत र निर्णायक' जवाफ दिइने चेतावनी दिएको थियो।

यसैबीच, जलघाँटी पूर्ण रूपमा खुलाउने, इरानको विवादास्पद आणविक कार्यक्रम सीमित गर्ने तथा फेब्रुअरी २८ देखि सुरु भएको युद्धको स्थायी अन्त्य खोज्ने उद्देश्यले अमेरिका र इरानबीच वार्ता अघि बढाउने प्रयास जारी रहे पनि खामेनीको अन्त्येष्टिका कारण वार्ता केही समयका लागि स्थगित भएको जनाइएको छ।

सोमबार ह्वाइट हाउसमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानलाई सम्झौता गर्न आग्रह गर्दै त्यसो नभए थप कडा कदम चाल्ने चेतावनी दिएको थियो । उनले सम्झौता गर्न चाहेको बताउँदै आवश्यक परे इरानको पूर्वाधार र ऊर्जा प्रणालीमाथि आक्रमण गर्न सकिने धारणा व्यक्त गरेको थियो । दुवै पक्षबीच ६० दिनसम्म जहाजलाई शुल्कबिनै आवतजावत गर्न दिने अस्थायी सहमति भए पनि इरानले भविष्यमा समुद्री मार्गको नियन्त्रण र शुल्क असुलीको अधिकार कायम राख्नुपर्ने अडान लिएको छ । अमेरिका र खाडी क्षेत्रका धेरै मुलुकले भने त्यस्तो व्यवस्था स्वीकार नगर्ने स्पष्ट पारेका छन्। ओमान र संयुक्त राष्ट्रसङ्घका निकायहरूले वैकल्पिक समुद्री मार्ग प्रयोग गर्ने प्रयासले यसअघि पनि क्षेत्रमा तनाव र आक्रमण निम्त्याएको बताएका छन्। डाटा विश्लेषण संस्था केप्लरका अनुसार गत सप्ताहन्तमा मात्र कम्तीमा १०८ वटा जहाजले विभिन्न मार्ग प्रयोग गर्दै हर्मुज जलघाँटी पार गरेका थिए।

यसैबीच इरानमा खामेनीको अन्त्येष्टिमा सहभागी हुन लाखौँ शोकाकुल कोम सहरमा भेला भएका छन्। इरानी सरकारी टेलिभिजनले जामकारान मस्जिदतर्फ जाँदै गरेका जनसागरको प्रत्यक्ष दृश्य प्रसारण गरेको थियो । शोकयात्रामा खामेनी र उनका उत्तराधिकारी तथा नयाँ सर्वोच्च नेता अयातुल्ला मोजतबा खामेनीका तस्बिर बोकेका ब्यानर प्रदर्शन गरिएको थियो । मोजतबा खामेनी भने हालसम्म सार्वजनिक रूपमा अन्त्येष्टि कार्यक्रममा उपस्थित भएको छैन। युद्धका क्रममा भएको हवाई आक्रमणमा घाइते भएपछि उनी सुरक्षित स्थानमा रहेको अनुमान गरिएको छ। युद्धको उत्कर्षमा इजरायलले वरिष्ठ इरानी नेतृत्वलाई लक्षित आक्रमण गरेको र मोजतबा खामेनीलाई समेत निशाना बनाउने चेतावनी दिएको थियो । छयासी वर्षको उमेरमा निधन भएका अयातुल्ला अली खामेनीलाई उनको जन्मस्थल मशहदस्थित इमाम रेजा मन्दिरमा शनिबार दफन गरिएको थियो। अन्त्येष्टि र राष्ट्रिय शोकका कारण इरानका धेरै क्षेत्रमा सडक, हवाई सेवा तथा दैनिक गतिविधिमा व्यापक प्रतिबन्ध लगाइएको छ। रासस

# रोपाइँ गर्न आधुनिक प्रविधिको प्रयोग

**नवलपरासी ।**
परम्परागत रूपमा हिलोमा उत्रिएर धेरै जनशक्ति र समय खर्च गरेर गरिने धान रोपाइँ अहिले आधुनिक प्रविधिको प्रयोगसँगै सहज बन्दै गएको छ । कृषि क्षेत्रमा बढ्दो श्रमिक अभाव, उत्पादन लागतमा भएको वृद्धि र बदलिँदो मौसमको चुनौतीबीच धान रोप्ने मेसिनको प्रयोग किसानका लागि प्रभावकारी विकल्प बन्दै गएको छ । नवलपरासी (बर्दघाट सुस्तापूर्व)को मध्यविन्दु नगरपालिकामा पछिल्ला केही वर्षयता कृषि यान्त्रीकरणले गति लिँदै जाँदा किसानको आकर्षण पनि बढ्न थालेको छ । मध्यविन्दु नगरपालिका–१ मा प्रकृति कृषि सहकारी संस्थामार्फत सञ्चालनमा रहेको धान रोप्ने मेसिनले केही घण्टामै ठूलो क्षेत्रफलमा रोपाइँ सम्पन्न गरिरहेको छ ।

परम्परागत विधिबाट दिनौँ लाग्ने काम मेसिनमार्फत छोटो समयमा सम्पन्न हुन थालेपछि किसान उत्साहित भएका छन् । मेसिनको प्रयोगले श्रमिकको आवश्यकता घट्नुका साथै रोपाइँ व्यवस्थित हुने, उत्पादन लागत कम हुने र समयको बचत हुने सहकारी संस्थाका सचिव ओमप्रसाद पाठकले बताए । खेतीपातीमा जनशक्ति अभाव हुँदै गइरहेको अवस्थामा आधुनिक प्रविधिले कृषि कार्यलाई सहज बनाएको छ, उनले भने, कम श्रम र कम समयमा बढी काम गर्न सकिने भएकाले कृषि यान्त्रीकरणप्रति किसानको विश्वास बढ्दै गएको छ ।

मध्यविन्दु नगरपालिकाले कृषि उत्पादन वृद्धि र कृषिलाई व्यावसायिक तथा प्रविधिमैत्री बनाउन कृषि यान्त्रीकरणलाई प्राथमिकतामा राख्दै आएको नगरप्रमुख भिमलाल अधिकारीले बताए । नगरपालिकाले धान रोप्ने मेसिन, कम्बाइन हार्भेस्टर, कृषि एम्बुलेन्सलगायतका आधुनिक कृषि उपकरण किसानलाई ८५ प्रतिशत अनुदानमा उपलब्ध गराउँदै आएको नगर प्रमुख भीमलाल अधिकारीले जनकारी दिए । कृषि क्षेत्रमा आधुनिक प्रविधिको प्रयोग विस्तार गर्दै उत्पादन लागत घटाउने, उत्पादन वृद्धि गर्ने र युवालाई कृषि पेसाप्रति आकर्षित गर्ने लक्ष्यका साथ यस्ता कार्यक्रम सञ्चालन भइरहेका छन्, उनले भने ।

जिल्लामा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइमार्फत गैँडाकोट नगरपालिकाका पाँच वडामा धान जोन कार्यक्रम सञ्चालनमा रहेको छ । रासस

### प्रधानमन्त्री कार्यालयको निर्देशनपछि

# डिडिसीमा दूधको गुणस्तर सुधार




**काठमाडौँ ।**
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको निर्देशनपछि दुग्ध विकास संस्थान (डिडिसी)ले सङ्कलन गर्ने कच्चा दूधको गुणस्तरमा सुधार आएको छ । डिडिसीले कच्चा दूधको गुणस्तर सुधारका लागि कडाइका साथ मापदण्डको कार्यान्वयन गरेपछि गुणस्तरमा सुधार देखिएको हो । डिडिसीका महाप्रबन्धक डा शरणकुमार पाण्डेका अनुसार प्रधानमन्त्री कार्यालयको निर्देशनपछि शङ्कास्पद देखिएका दूधका खेप तत्काल हटाउने व्यवस्था गरिएको छ भने दूध खरिदमा 'फ्याट' र 'एसएनएफ'को मापदण्ड परिमार्जन गरी उच्च गुणस्तरको दूध खरिदलाई प्राथमिकतामा राखिएको छ । डिडिसीका चिस्यान केन्द्रहरूले 'फ्याट' र 'एसएनएफ'को आधारमा दूध सङ्कलन गरी चलानी पठाउने तथा आयोजना पुगेपछि प्रयोगशालामा पुनः गुणस्तर परीक्षण हुने व्यवस्था गरिएको छ ।

प्रधानमन्त्री कार्यालयको निर्देशनपछि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले यही असार १५ गते दूधको नमूना परीक्षण गर्दा चिस्यान केन्द्रले चलानीमा उल्लेख गरेको 'फ्याट' र 'एसएनएफ'को विवरणभन्दा कम गुणस्तरको दूध भेटिएको थियो । त्यसपछि सबै चिस्यान केन्द्रको परीक्षण गरिएको र यसअघि देखिएका शङ्कास्पद विषयमा पनि छानबिन जारी रहेको महाप्रबन्धक पाण्डेले जानकारी दिए । दूधको गुणस्तरमा देखिएको कैफियतलाई गम्भीर रूपमा लिँदै दोषी जोसुकै भए पनि कारबाही गर्न तथा भविष्यमा यस्तो गतिविधि दोहोरिन नदिन तत्काल सुधारात्मक कदम चाल्न प्रधामन्त्री कार्यालयले संस्थानलाई निर्देशन दिएको प्रधानमन्त्री वालेन्द्र शाहका प्रेस तथा अनुसन्धानविज्ञ दीपा दाहालले जानकारी दिए ।

- **सुधारसँगै कारबाही**

निर्देशनपछि न्यून गुणस्तरको दूध सङ्कलनमा लापरवाही गरेको चितवनको भरतपुर चिस्यान केन्द्रका प्रमुखलाई जिम्मेवारीबाट हटाइएको छ । अन्य चिस्यान केन्द्रका प्रमुखसँग तीन दिनभित्र स्पष्टीकरण मागिएको छ । आगामी दिनमा चिस्यान केन्द्रको गुणस्तर परीक्षण र आयोजनाको प्रयोगशाला परीक्षणबीच कुनै फरक देखिए सम्बन्धित आयोजना प्रमुखलाई नै जिम्मेवार बनाइनेगरी निर्देशन दिइएको संस्थानले जनाएको छ । यस्तै, मिलेमतो भएको आशङ्कामा आयोजनाको प्रयोगशालामा कार्यरत कर्मचारी मनहरि शर्मालाई पनि जिम्मेवारीबाट हटाइएको छ । स्पष्टीकरणको जवाफ प्राप्त भएपछि संलग्न कर्मचारीमाथि थप कारबाही प्रक्रिया अघि बढाइने संस्थानले जनाएको छ ।

डिडिसीका अनुसार यही असार १८ गतेदेखि आयोजनामा प्राप्त दूधको गुणस्तरमा एकरूपता आएको छ । मापदण्डभन्दा कम गुणस्तरको तथा मिसावट भएको करिब तीन हजार लिटर दूध प्रयोगशाला परीक्षणपछि नष्ट गरिएको संस्थानले जनाएको छ ।

- **किसान भुक्तानीदेखि बिक्रीसम्म सुधार**

संस्थानले किसानलाई गरिने भुक्तानीमा पनि उल्लेख्य सुधार आएको जनाएको छ । देशभरका २३५ दुग्ध सहकारीलाई गरिने भुक्तानी अवधि आठ महिनाबाट घटाएर तीन महिनाभित्र ल्याइएको छ । आगामी भदौको पहिलो साताभित्र भुक्तानी अवधि २५ दिनमा झार्ने लक्ष्यसहित काम भइरहेको महाप्रबन्धक पाण्डेले बताए । पछिल्लो दुई महिनामा मात्रै करिब ४० करोड रुपैयाँ किसानलाई भुक्तानी गरिएको उनले जानकारी दिए ।

डिडिसीका दुग्धजन्य पदार्थको बिक्री साविकको तुलनामा ५० प्रतिशतभन्दा बढी बढेको संस्थानले जनाएको छ । रोकिएको आइसक्रिम उत्पादन पुनः सञ्चालनमा ल्याइएको छ भने असार १५ लक्षित दही उत्पादन तथा बिक्री ७५ प्रतिशतले बढेको छ । नयाँ १० वितरक नियुक्त गरिएकाले दैनिक करिब ५० लाखबराबरको थप बिक्री हुने प्रक्षेपण गरिएको छ । दैनिक बिक्रीबाट हुने राजस्व करिब २० लाखले बढेको तथा साउनदेखि दैनिक राजस्व एक करोड ३० लाख पुर्‍याउने लक्ष्य राखिएको छ ।

संस्थानले खाडी मुलुकमा वार्षिक न्यूनतम ५० मेट्रिक टन घिउ निर्यात गर्ने सम्झौताको अन्तिम तयारी भइरहेको जनाएको छ । यसबाट वार्षिक करिब पाँच करोड रुपैयाँको कारोबार हुने अपेक्षा गरिएको छ । चीनतर्फ पनि घिउ निर्यातको प्रक्रिया अघि बढाइएको छ ।

- **संस्थागत सुधार**

आन्तरिक खर्च नियन्त्रणका लागि कम दूध सङ्कलन हुने दुई चिस्यान केन्द्र मर्जर गरी हटाइएको छ । सम्भावना नभएका दुई उत्पादन केन्द्र बन्द गरिएको छ भने ढुवानी खर्च घटाउन नजिकका आयोजनाबाटै दूध खरिद तथा बिक्री गर्ने व्यवस्था मिलाइएको संस्थानले जनाएको छ । कर्मचारीले पाउँदै आएको कानुनविपरीतको दूध र घिउ सुविधा कटौती गर्दा संस्थानको वार्षिक करिब तीन करोड खर्च घट्ने अनुमान गरिएको छ । किसानले प्राप्त गर्दै आएको दूधको मूल्य प्रतिलिटर ६५ बाट बढाएर ६६ कायम गरिएको छ ।

यसैगरी, कोशी प्रदेशको पशुपतिनगरमा नयाँ चिज उत्पादन आयोजना स्थापना गरी उत्पादन दोब्बर बनाउने, नगरकोटमा १० वर्षदेखि बन्द रहेको पनिर तथा चिज उत्पादन केन्द्र साउन १ गतेदेखि सञ्चालन गर्ने, वेबमा आधारित डिजिटल सदस्यता तथा अनलाइन खरिद प्रणाली सुरु गर्ने तथा उपत्यकामा समर्पित बिक्री काउन्टर विस्तार गर्ने तयारी भइरहेको संस्थानले जनाएको छ । महाप्रबन्धक पाण्डेका अनुसार डिडिसीभित्र देखिएका समस्या पहिचान गर्न विभिन्न निकायबाट अध्ययन तथा अनुसन्धान भइरहेको छ । त्यसका आधारमा तीनमहिने संस्थागत सुधार कार्ययोजना कार्यान्वयनमा रहेको र समस्या पहिचानसँगै थप सुधारका योजना सार्वजनिक गरिने तयारी गरिएको उहाँले बताए । रासस

# आमाको दूध प्रतिस्थापन गर्ने कृत्रिम वस्तु बिक्रीमा निषेध



**कालिकोट ।**
स्थानीय प्रशासन र जिल्ला स्वास्थ्य सेवा कार्यालयले आमाको दूध पिलाउनुको सट्टा बजारमा पाइने कृत्रिम दूध तथा अन्य आहार बिक्रीमा कडाइ गरेको छ । प्रशासनले खाँडचक्र नगरपालिकाको मान्म, मोल्फा, पिली र तिलागुफा नगरपालिकाको गाल्जे र नाग्म बजारलगायतका प्रमुख व्यापारिक केन्द्रमा आमाको दूध प्रतिस्थापन गर्ने अन्य दूध तथा आहार बिक्री गर्ने औषधि, किराना पसल लगायतका व्यावसायिक प्रतिष्ठानलाई बिक्री नगर्न रोक लगाइएको छ । जिल्ला स्वास्थ्य सेवा कार्यालय कालिकोटका प्रमुख डा रत्नवीर सुनारले भने, अनुगमनका क्रममा औषधि पसल तथा अन्य विभिन्न पसलमा आमाको दूधलाई प्रतिस्थापन गर्ने ल्याक्टोजिन, निप्पल जस्ता वस्तु प्रदर्शनमा राखेको पाइयो, उनले भने,सामाजिक सञ्जालमार्फत त्यस्ता वस्तुको विज्ञापन गर्ने, बजारीकरण गर्नेलाई रोक्न निर्देशन दिइएको छ । आमाको दूध प्रतिस्थापन गर्ने (वस्तु बिक्री–वितरण नियन्त्रण) ऐन, २०४९ तथा नियमावली, २०५१ को पालना गराउन र आमा तथा शिशुको स्वास्थ्य अधिकार प्रवद्र्धन गर्नका लागि त्यस्ता वस्तु बिक्री रोक्न लागिएको जिल्ला स्वास्थ्य सेवा कार्यालय कालिकोटका जनस्वास्थ्य अधिकृत कटकबहादुर महतले बताए । उनले सामाजिक सञ्जाल वा अन्य माध्यमबाट सो वस्तुको विज्ञापन र प्रदर्शन नगर्न व्यवसायीलाई सचेत गराइएको छ, उनले भने, दिइएको निर्देशनलाई अटेरी गरेमा कानुनअनुसार कारबाही हुनेछ । आमाको दूधमा शिशुका लागि आवश्यक सबै प्रकारका पोषक तत्त्व पाइने र यसले रोग प्रतिरोधात्मक क्षमता बढाउने भएकाले बजारिया दूध विकल्प हुन नसक्ने खाँडाचक्र नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख रवीन्द्र सेजुवालले बताए । बजारमा प्रतिबन्धित वस्तु फेला परेकाले तत्काल बिक्री रोक्न व्यवसायीलाई सुझाव दिइएको छ, उनले भने, स्थानीय सरकारले ऐन विपरीतका वस्तुको बिक्री गरेको पाइएमा कानुनी कारबाही अघि बढाउने चेतावनी दिएको छ । रासस

# प्राङ्गारिक उत्पादनलाई बजारीकरण गर्न बिक्री कक्ष



**चितवन ।**
जिल्लामा उत्पादित प्राङ्गारिक कृषिजन्य उत्पादनको बजारीकरणका लागि बिक्री कक्ष स्थापना गरिएको छ । भरतपुर महानगरपालिका–७ मा जिल्ला प्राङ्गारिक सङ्घ चितवनको प्राङ्गारिक बिक्री कक्ष स्थापना गरिएको हो । जिल्ला कृषि विकास कार्यालय चितवनको सहयोग र सङ्घको समन्वयमा रु २० लाखको लागतमा बिक्री केन्द्र स्थापना गरिएको हो । सङ्घका अध्यक्ष चन्द्रप्रसाद अधिकारीका अनुसार उत्पादनको सन्तुलन नमिल्दा बजारीकरणमा समस्या भएपछि आफ्नै बिक्री कक्ष स्थापना गरिएको छ ।

उनले भने, कुन सिजनमा कुन वस्तु कुन किसानले उत्पादन गर्ने भन्ने विषयमासहज होस् भनेर बिक्री केन्द्र स्थापना गरिएको हो । प्राङ्गारिक खेती गर्ने किसानले यस कक्षमा ल्याएर सामाना बिक्री वितरण गर्न छोड्न सक्नेछन् । केन्द्र स्थापना भएपछि विचौलियाको समस्या कम हुने उनले बताए ।

अहिले जिल्लामा प्राङ्गारिक खेती गर्ने किसानको संख्या ३३ जना रहेको छ । उनले भने, चालीस बिघा जग्गामा प्राङ्गारिक खेती हुँदैआएको छ । यस बिक्री कक्षमा प्राङ्गारिक कृषकले उत्पादन गरेको कृषिजन्यउपज दाल, चामल, फलफूल, तरकारी, दुग्धजन्य पदार्थ, जडीबुटी तथा पोसीलो खाद्यउपज बिक्री वितरण गरिने व्यवस्थापक राजकुमार तामाङले जानकारी दिए ।

उनका अनुसार यहाँ सिजन अनुसारका तरकारी, फलफूल तथा अन्य सामग्री बिक्री वितरण हुनेछन् । उनले भने, यस बिक्री केन्द्रले आम किसान र उपभोक्तालाई प्रत्यक्ष फाइदा हुनेछ । कहिले किसानले बजार नपाउने र कहिले उपभोक्ताले प्राङ्गारिक वस्तु नपाउने समस्यालाई केन्द्रले समाधान गर्ने विश्वास लिइएको छ । रासस

### घरजग्गाको कारोबार

# बागमती प्रदेशमा बढ्यो, मधेशमा घट्यो

**काठमाडौँ ।**
चालु आर्थिक वर्षको नौ महिनामा बागमती प्रदेशमा घरजग्गाको कारोबार ३३.०१ प्रतिशतले बृद्धि भएको छ । नेपाल राष्ट्र बैंकद्वारा सोमबार यहाँ जारी घरजग्गा कारोबारको प्रवृत्ति तथा वर्तमान स्थिति प्रतिवेदनमा बागमती प्रदेशमा घरजग्गाको राजीनामा कारोबारमा वृद्धि भएको जनाएको छ ।

राष्ट्र बैंकका अनुसार सोही अवधिमा मधेश प्रदेशमा भने ४.७९ प्रतिशतले घरजग्गा कारोबार घटेको छ । प्रतिवेदनका अनुसार आव २०८१÷ ८२ को नौ महिनाको तुलनामा चालु आवको ११ महिनामा घरजग्गाको कुल कारोबारको संख्या अघिल्लो आवको सोही अवधिको तुलनामा ६.४२ प्रतिशतले बढेको छ । अघिल्लो आवको सोही अवधिमा यस्तो कारोबार सङ्ख्या ४.५२ प्रतिशतले घटेको थियो । प्रतिवेदनका अनुसार समीक्षा अवधिमा घरजग्गा कारोबारमध्ये लिखत पारितअन्तर्गतको कारोबार सङ्ख्या ०.६२ प्रतिशतले बढेको छ ।

अघिल्लो आवको पहिलो त्रैमासमा यस्तो कारोबार सङ्ख्या ६.७१ प्रतिशतले घटेको थियो । राष्ट्र बैंकका अनुसार समीक्षा अवधिमा लिखत पारितअन्तर्गतको राजीनामा कारोबारको सङ्ख्या १२.१७ प्रतिशतले बढेको छ । अघिल्लो आवको तेस्रो त्रैमासमा यस्तो कारोबार सङ्ख्या ३.२६ प्रतिशतले घटेको छ । प्रतिवेदनका अनुसार चालु आवको नौ महिनामा एक खर्ब ८३ अर्ब ९० करोडबराबरको घरजग्गाको कारोबार भएको छ । जबकि अघिल्लो आवको सोही अवधिमा भने एक खर्ब सात करोड मूल्यबराबरको घरजग्गाको कारोबार भएको थियो । चालु आवको नौ महिनामा घरजग्गा कारोबारबाट सङ्कलन भएको राजस्व २३.७२ प्रतिशतले बढेको छ । अघिल्लो आवको तेस्रो त्रैमासमा यस्तो राजस्व १३.४७ प्रतिशतले बढेको थियो । रासस




# चिकित्सा शिक्षा आयोगको उपाध्यक्षमा प्रा डा. खत्री नियुक्त

**चितवन ।**
चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष पदमा प्रा डा. देवेन्द्र खत्री नियुक्त भएका छन् । प्रधानमन्त्री तथा आयोगका अध्यक्ष वालेन्द्र शाह (बालेन)ले प्राडा खत्रीलाई आयोगको उपाध्यक्षमा नियुक्त गरेका हुन् । नवनियुक्त उपाध्यक्ष प्राडा खत्रीलाई आज शिक्षा तथा खेलकुद मन्त्रालयमा शिक्षा तथा खेलकुदमन्त्री तथा आयोगका सहअध्यक्ष सस्मित पोखरेलले नियुक्तिपत्र प्रदान गरे ।

यसअघि आयोगमा उपाध्यक्ष पद रिक्त रहेकाले अर्को व्यवस्था नभएसम्म आयोगका पूर्वउपाध्यक्ष श्रीकृष्ण गिरीलाई कार्यवाहक उपाध्यक्षको जिम्मेवारी दिइएको थियो । सरकारले सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था गर्न बनेको अध्यादेश जारी गरेपछि आयोगका उपाध्यक्ष डा अञ्जनीकुमार झालगायतका पदाधिकारी पदमुक्त भएका थिए । त्यसपछि आयोगको उपाध्यक्ष पद खाली भएको थियो । रासस



# एकसाताभित्र किसानलाई करिब ५२ करोड राहत उपलब्ध गराइने

**काठमाडौँ ।**
पशुसेवा विभागले बर्डफ्लुबाट प्रभावित ११ जिल्लामा रोग नियन्त्रणका क्रममा नष्ट गरिएका पन्छी तथा वस्तुको क्षतिपूर्तिस्वरुप रु ५२ करोड एक साताभित्र किसानलाई उपलब्ध गराउने तयारी गरेको छ । विभागले रोग नियन्त्रणका क्रममा किसानका नष्ट गरिएको पन्छी, अण्डा तथा दानाबापत सम्बन्धित धनीलाई क्षतिका रकम मूल्याङ्कनका आधारमा ७५ प्रतिशत राहतस्वरूप उपलब्ध गराउने तयारी गरेको हो । विभागका प्रवक्ता मुकुल उपाध्यायले पन्छी, पन्छीजन्य पदार्थ र पन्छी उत्पादन सामग्रीको क्षति प्रमाणित भएर माग दाबी गरेका सम्बन्धित धनीका बैंक खातामा एकसाताभित्र रकम भुक्तानी गरिने जानकारी दिए । उनका अनुसार असार मसान्तसम्म क्षतिपूर्ति लिन नसकेका किसानलाई नयाँ आर्थिक वर्षमा रकम उपलब्ध गराइनेछ । बर्डफ्लु नियन्त्रण नियमावली अनुसार प्रमाणित क्षतिको मूल्याङ्कन गरेर किसानलाई राहत वितरण गरिने जनाइएको छ ।




विभागका प्रवक्ता उपाध्यायले पन्छी तथा पन्छीजन्य वस्तु नष्ट गरेको सबै प्रमाणसहित जिल्ला पशुसेवा कार्यालयमा निवेदन दिन सम्बन्धित किसानलाई आग्रह गरे । बर्डफ्लु सङ्क्रमणका कारण काठमाडौँ, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, झापा, मोरङ, सुनसरी, महोत्तरी, बारा, चितवन र नवलपरासी जिल्ला बढी प्रभावित भएका छन् ।

हालसम्म करिब सात लाख पन्छी, ११ लाख अण्डा र तीन लाख किलो दाना नष्ट गरिएको तथा करिब रु ७० करोड बराबरको आर्थिक क्षति भएको अनुमान गरिएको विभागले जनाएको छ । रासस

# वीरगंजमा सडक अतिक्रमण हटाउने अभियान तीव्र, एकैदिन करिब ७० निजी संरचना हटाइयो

**मधेशदृष्टि**
**वीरगंज।**
त्रिभुवन राजमार्गअन्तर्गत वीरगंजको मुख्य सडक क्षेत्रमा सडक सीमाभित्र निर्माण गरिएका घर तथा अन्य संरचना हटाउने अभियानलाई सडक डिभिजन कार्यालय हेटौंडाले तीव्र बनाएको छ।



मंगलबार मात्रै सात वटा डोजर परिचालन गरी अतिक्रमण हटाउने कार्यलाई निरन्तरता दिइएको हो। सडक डिभिजन कार्यालय हेटौंडाका इन्जिनियर तथा वीरगंजका फोकल पर्सन दुर्गा प्रसादका अनुसार परिचालित सातमध्ये एउटा डोजर उच्च अदालत आसपासको क्षेत्रमा र बाँकी छ वटा डोजर मुर्ली क्षेत्रमा खटिएका छन् । उनका अनुसार मंगलबार दिउँसो साढे ३ बजेसम्म गण्डक चोकदेखि मुर्लीसम्मका करिब ७० वटा निजी घर तथा संरचना हटाइसकिएको छ। यद्यपि सोही क्षेत्रमा पर्ने करिब आधा दर्जन सरकारी भवनका संरचनामा भने हालसम्म डोजर चलाइएको छैन।

वीरगंजको मुख्य सडक विस्तार तथा सडक सीमा संरक्षणका लागि सडक अतिक्रमण हटाउने अभियान गत शुक्रबारदेखि सुरु गरिएको थियो । कृषि औजार कारखाना क्षेत्रसम्मका संरचना हटाइएपछि बहुअरीका स्थानीयले विरोध जनाउँदै अवरोध गरेकाले शुक्रबार साँझ अभियान रोकिएको थियो।

त्यसपछि सोमबार बिहान साढे ६ बजेदेखि सडक डिभिजन कार्यालयले पुनः डोजर परिचालन गर्दै अतिक्रमण हटाउने कार्यलाई निरन्तरता दिएको हो । यता, सडक विस्तारबाट प्रभावित स्थानीय बासिन्दाले भने उचित समन्वय, आवश्यक व्यवस्थापन तथा वैकल्पिक उपाय सुनिश्चित गरेपछि मात्रै सडक विस्तारको काम अघि बढाउनुपर्ने माग राख्दै आएका छन्।

# गौशाला नगरपालिकाका मेयरविरुद्ध मुद्दा दर्ता



**मधेशदृष्टि**
**महोत्तरी।**
महोत्तरी जिल्ला स्थित गौशाला नगरपालिकाका मेयर डा. दिपेन्द्र महतोविरुद्ध मुद्दा दर्ता भएको छ। निगौल गाई गौशालाका कार्यालय प्रमुख कान्तिकुमारी पाण्डेको कुटपिट तथा दुव्र्यवहारमा प्रत्यक्ष संग्लन रहेको आरोपमा गौशाला नगरपालिकाका मेयर डा. महतोलाई अपराधिक उपद्रव तथा हुलदङ्गा शीर्षकमा मुदा दर्ता गरिएको हो । गत बिहीबार निगौल गाई गौशालाको जग्गामा नगरपालिकाले जवरजस्ती ढल निकास गर्न खोजेपछि रोक्न गएका निगौल गाई गौशाला व्यवस्थापन कार्यालयका प्रमुख पाण्डेलाई नगर प्रमुखको निर्देशनमा मेयरकै सामुन्ने नगर प्रहरीले कुटपिट गर्दै दुव्र्यवहार गरेका थिए । घटनामा संलग्न रहेको आरोपमा गौशाला नगरपालिका–११ का दिनेश्वर महतो र गौशाला नगरपालिका–४ का ईन्दल राउतलाई समेत अपराधिक उपद्रव तथा हुलदङ्गा मुद्दा दर्ता गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रवक्ता तथा प्रहरी नायव उपरीक्षक पञ्चलाल गेलेले जानकारी दिए । यसअघि सोही घटनामा गत शुक्रवार आठ नगर प्रहरीबिरुद्ध समेत मुद्दा चलाइएको छ।

# श्रम अनुगमन तीव्र, न्यूनतम पारिश्रमिक र सामाजिक सुरक्षा कार्यान्वयनमा जोड



**मधेशदृष्टि**
**जनकपुरधाम।**
श्रम तथा रोजगार कार्यालय जनकपुरधामले निजी व्यापारिक प्रतिष्ठान, शैक्षिक संस्था तथा अस्पतालहरूमा श्रमसम्बन्धी कानुनको कार्यान्वयन अवस्था बुझ्न अनुगमनलाई तीव्र बनाएको छ । पछिल्लो समय कार्यालयले विशेष गरी जनकपुरधामका निजी अस्पतालहरूमा अनुगमन सुरु गरेको हो। मंगलबार जनकपुरधाम–१ स्थित धनुषा अस्पतालमा गरिएको अनुगमनका क्रममा कर्मचारीले न्यूनतम पारिश्रमिक पाए–नपाएको, रोजगार सम्झौता गरिएको अवस्था, सामाजिक सुरक्षा कोषमा आबद्धता तथा श्रम ऐनको पालना सम्बन्धी विषयमा जानकारी लिइएको कार्यालयका निमित्त प्रमुख रञ्जित यादवले बताए।

उनका अनुसार अनुगमनका क्रममा व्यवस्थापन पक्ष र कार्यरत कर्मचारीसँग छुट्टाछुट्टै छलफल गरी श्रमिकका अधिकार कार्यान्वयनको अवस्था बुझ्ने गरिएको छ । अनुगमनका क्रममा कमजोरी भेटिएमा पहिलो चरणमा सचेत गराउने, आवश्यक निर्देशन दिने र अटेर गरे कानुनी कारबाहीका लागि सिफारिस गर्ने प्रक्रिया अपनाइने उनले बताए । यसअघि जनकपुरधामस्थित काव्या अस्पतालमा पनि यस्तै अनुगमन गरिएको थियो । कार्यालयका अनुसार हालसम्मको अनुगमनबाट केही निजी प्रतिष्ठानमा कार्यरत कर्मचारीले सरकारले तोकेको न्यूनतम पारिश्रमिकसमेत नपाएको, रोजगार सम्झौता नगरी काम गरिरहेको तथा सामाजिक सुरक्षा कोषबारे पर्याप्त जानकारीसमेत नरहेको अवस्था भेटिएको छ ।कार्यालयले अनुगमनलाई कानुनी निगरानीसँगै श्रमिक र रोजगारदाताबीच श्रम अधिकारबारे सचेतना अभिवृद्धि गर्ने माध्यमका रूपमा समेत अघि बढाइएको जनाएको छ । श्रम तथा रोजगार कार्यालय जनकपुरधामले अनुगमनलाई सदरमुकाममा मात्र सीमित नराखी धनुषा, महोत्तरी, सर्लाही, सिरहा र सप्तरीका निजी प्रतिष्ठानहरूमा पनि निरन्तर सञ्चालन गर्ने जनाएको छ।

# रूखको हाँगा काट्ने क्रममा च्यापिँदा बारामा एक जनाको मृत्यु



**सिकेन्द्र पासवान**
**कलैया।**
बाराको सुवर्ण गाउँपालिकामा रूखको हाँगा काट्ने क्रममा दुर्घटना हुँदा एक जनाको घटनास्थलमै मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक (डीएसपी) मीनबहादुर घलेका अनुसार मृत्यु हुनेमा सुवर्ण गाउँपालिका–१ रामटोल निवासी ५५ वर्षीय जोखन महरा रहेका छन्।

प्रहरीका अनुसार सुवर्ण गाउँपालिका–३ सन्तगज निवासी शिवधारी पण्डितको जग्गामा रहेको पाकडको रूख वडा नं. ७ निवासी बाबुलाल यादवले खरिद गरेका थिए। सोही रूख काट्ने जिम्मा महरालाई दिइएको थियो । रूखको हाँगा काट्ने क्रममा अचानक अर्को ठूलो हाँगा खसेर महरालाई च्यापेपछि उनको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ। मृतक महराको शव आवश्यक कानुनी प्रक्रिया तथा पहिचानका लागि प्रादेशिक अस्पताल कलैयामा राखिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

# सामुहिक बलात्कारको आरोपमा एक नेपालीसहित पाँचजना पक्राउ

**मधेशदृष्टि**
**रौतहट।**
रौतहटको सदरमुकाम गौरस्थित एक होटलमा २१ वर्षीया युवतीमाथि सामूहिक बलात्कार गरेको आरोपमा एक नेपाली र चार जना भारतीय नागरिक पक्राउ परेका छन्।

यही असार २१ गते दिउसो १ बजेको समयमा गौरस्थित सुस्मा प्यालेस होटलमा पीडित युवतीमाथी जवरजस्ती करणी गरेको आरोपमा पाँच जनालाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

पक्राउ परेकाहरूमा गौर नगरपालिका २ निवासी २५ वर्षीय सन्तोष राउत, भारतको बिहार राज्य मुजफ्फरपुर जिल्ला कल्याणी पञ्चायत २४ निवासी ३३ वर्षीय मोहम्मद ताजुदिन, मैरोवन पञ्चायत–२ निवासी ३७ वर्षीय जितेन्द्र कुमार, बकटपुर पञ्चायत–१ निवासी ३८ वर्षीय हसनैन आलम र करमवा पञ्चायत–४ निवासी ३४ वर्षीय आलोक कुमार रहेका प्रहरीले जनाएको छ।

पक्राउ परेका अभियुक्तहरु माथी जबरजस्ती करणी तथा करणी उद्योगसम्बन्धी कसुरमा आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

# नेपाली खेलकुदमा निजी क्षेत्रको ऐतिहासिक लगानीः एक्स्ट्रिम इनर्जी ड्रिंक्स एनपीएलका ६ फ्रेन्चाइज टोलीको टाइटल स्पोन्सर

**मधेशदृष्टि**
**काठमाडौँ।**
नेपाली खेलकुदको व्यावसायिक इतिहासमा निजी क्षेत्रबाट सम्भवतः सबैभन्दा ठूलो प्रायोजन सम्झौता गर्दै एग्रो थाई फुड्स प्रालिद्वारा उत्पादित 'एक्स्ट्रिम इनर्जी ड्रिंक्स' नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटको तेस्रो संस्करणका लागि आठमध्ये छ फ्रेन्चाइज टोलीको टाइटल स्पोन्सर बनेको छ । सोमबार काठमाडौंमा आयोजित विशेष कार्यक्रममा एक्स्ट्रिम इनर्जी ड्रिंक्सले काठमाडौं गोर्खाज, चितवन राइनोज, जनकपुर बोल्ट्स, कर्णाली याक्स, पोखरा एभेन्जर्स र लुम्बिनी लायन्ससँग औपचारिक रूपमा टाइटल स्पोन्सरसिप सम्झौता गरेको हो । कार्यक्रममा सम्बन्धित सबै टोलीका प्रतिनिधि तथा एग्रो थाई फुड्स प्रालिकी बिजनेस हेड सोनिया राणाले सम्झौतापत्रमा हस्ताक्षर गरे।




सम्झौताअनुसार एक्स्ट्रिम इनर्जी ड्रिंक्स आगामी तीन वर्षसम्म सम्बन्धित टोलीहरूको प्रमुख प्रायोजक रहनेछ । यस अवधिमा टोलीहरूको प्लेइङ जर्सीको अगाडिको प्रमुख स्थानमा एक्स्ट्रिम इनर्जी ड्रिंक्सको लोगो रहनेछ । कम्पनीका अनुसार यो सहकार्यले एनपीएलमार्फत आफ्नो ब्रान्डलाई अझ सशक्त रूपमा दर्शकमाझ स्थापित गर्नुका साथै नेपाली क्रिकेटको व्यावसायिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिइएको छ।

कार्यक्रमका प्रमुख अतिथि तथा क्रिकेट एसोसिएसन अफ नेपाल (क्यान) का अध्यक्ष चतुरबहादुर चन्दले एक्स्ट्रिम इनर्जी ड्रिंक्स र एनपीएल फ्रेन्चाइज टोलीहरूबीचको सहकार्य नेपाली क्रिकेटको दिगो विकास, खेलाडीहरूको उज्ज्वल भविष्य निर्माण तथा समग्र क्रिकेट संरचनालाई थप सुदृढ बनाउन महत्वपूर्ण कोशेढुंगा सावित हुने विश्वास व्यक्त गरे।

एग्रो थाई फुड्स प्रालिका नेसनल सेल्स म्यानेजर कृष्ण दाहालले एनपीएल नेपाली क्रिकेटकै सबैभन्दा ठूलो र प्रतिष्ठित प्रतियोगिता भएकाले एकैपटक ६ वटा टोलीसँग टाइटल स्पोन्सरका रूपमा सहकार्य गर्न पाउनु कम्पनीका लागि गौरवको विषय भएको बताए। उनले यो साझेदारी केवल ब्रान्ड प्रवद्र्धनका लागि नभई नेपाली क्रिकेटको दीर्घकालीन विकास र समृद्धिका लागि गरिएको लगानी भएको स्पष्ट पारे। एक्स्ट्रिम इनर्जी ड्रिंक्सले विगत केही वर्षदेखि नेपाली खेलकुद क्षेत्रमा निरन्तर लगानी गर्दै आएको छ। कम्पनी हाल नेपाली महिला राष्ट्रिय क्रिकेट टोलीको प्रमुख प्रायोजक रहेको छ भने क्रिकेट, फुटबल, भलिबल, म्याराथनलगायत विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा पनि सक्रिय सहकार्य गर्दै आएको छ।

दसैंपछि आयोजना हुने एनपीएलको तेस्रो संस्करणअघि सम्पन्न भएको यो ऐतिहासिक सम्झौताले नेपाली खेलकुदमा निजी क्षेत्रको बढ्दो आकर्षण, विश्वास र लगानीको नयाँ आयाम स्थापित गरेको छ। कम्पनीले आगामी दिनमा पनि नेपाली खेलकुदको समग्र विकास, खेलाडीहरूको क्षमता अभिवृद्धि तथा खेल संस्कृतिको विस्तारमा निरन्तर योगदान दिने प्रतिबद्धता व्यक्त गरेको छ।

# यात्रुवाहक बस पल्टिँदा चालकसहित तीनजना घाइते



**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाको धनुषाधाम नगरपालिका–९ धारापानीस्थित पूर्वपश्चिम लोकमार्गमा यात्रुवाहक बस दुर्घटना हुँदा चालकसहित तीन जना घाइते भएका छन् । प्रहरीका अनुसार सोमबार राति करिब १ बजे काँकडभिट्टाबाट वीरगञ्जतर्फ जाँदै गरेको प्रदेश १–०१–००१ ख ३८४३ नम्बरको बस अनियन्त्रित भई सडकछेउ पल्टिँदा दुर्घटना भएको हो।

इलाका प्रहरी कार्यालय ढल्केबरका अनुसार बसमा सवार १४ यात्रुमध्ये तीन जना घाइते भएका छन् । घाइते हुनेमा बस चालक झापाको मेचीनगर नगरपालिका–७ निवासी ३५ वर्षीय सन्तुलाल चौधरी रहेका छन्। उनको शरीरका विभिन्न भागमा चोट लागेको छ भने अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ । उनको जनकपुरधामस्थित साई ट्रमा सेन्टरमा उपचार भइरहेको छ। दुर्घटनामा भारतका ४० वर्षीय सन्दीप पाठक र उनकी श्रीमती ३५ वर्षीया सुनिता क्षेत्री पनि घाइते भएका छन् । दुवैको धनुषाको वीरेन्द्रबजारस्थित कमलामाई अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

दुर्घटनापछि सकुशल रहेका ११ जना यात्रुलाई अर्को बसमार्फत गन्तव्यतर्फ पठाइएको इलाका प्रहरी कार्यालय ढल्केबरले जनाएको छ।

बस अनियन्त्रित हुनुको कारणबारे प्रहरीले अनुसन्धान सुरु गरेको छ। पछिल्ला दिनहरूमा पूर्वपश्चिम लोकमार्गमा तीव्र गति, लापरबाही तथा सडक अवस्थाका कारण सवारी दुर्घटनाका घटना बढ्दै गएको देखिएको छ।

# अपन जनकपुरधाम' पाठ्यक्रमलाई चौतर्फी स्वागत, मातृभाषा संरक्षणतर्फ ऐतिहासिक कदमको रूपमा व्याख्या




**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाम उपमहानगरपालिकाले कक्षा १ देखि ८ सम्मका विद्यार्थीका लागि मैथिली भाषामा तयार गरेको स्थानीय पाठ्यक्रम 'अपन जनकपुरधाम' लागू गरेपछि त्यसको विभिन्न क्षेत्रबाट स्वागत गरिएको छ। भाषा, साहित्य तथा शिक्षा क्षेत्रमा सक्रिय संस्थाहरूले यसलाई स्थानीय भाषा, संस्कृति र पहिचान संरक्षणको दिशामा महत्वपूर्ण उपलब्धिका रूपमा लिएका छन्।

मैथिली भाषा, साहित्य र संस्कृतिको संरक्षण तथा प्रवद्र्धनमा लामो समयदेखि सक्रिय मिथिला नाट्यकला परिषद् (मिनाप) ले विज्ञप्ति जारी गर्दै उपमहानगरपालिकाको निर्णयको प्रशंसा गरेको छ । परिषद्ले नगरप्रमुख मनोजकुमार साह, पाठ्यक्रम निर्माणमा संलग्न विज्ञ, लेखक, अनुवादक तथा सम्पूर्ण टोलीलाई धन्यवाद ज्ञापन गरेको छ । परिषद्का महासचिव विष्णुकान्त मिश्रद्वारा जारी विज्ञप्तिमा २०३६ सालदेखि मैथिली भाषा र संस्कृतिको संरक्षणका लागि निरन्तर क्रियाशील रहेको संस्थाले अब विद्यालय तहबाटै मातृभाषामा सहज र प्रभावकारी शिक्षणको वातावरण बनेको उल्लेख गरेको छ । यस्ता रचनात्मक पहल आगामी दिनमा पनि निरन्तर अघि बढ्ने विश्वास परिषद्ले व्यक्त गरेको छ।

यस्तै, निजी विद्यालयहरूको छाता संगठन हिसान नेपाल तथा एन–प्याब्सन आबद्ध संस्थागत विद्यालय र क्याम्पसहरूले पनि संयुक्त रूपमा उपमहानगरपालिकाप्रति आभार प्रकट गरेका छन् । उनीहरूले जनकपुरधामको ऐतिहासिक, धार्मिक, सांस्कृतिक, भौगोलिक तथा सामाजिक पहिचान समेटिएको स्थानीय पाठ्यक्रमले नयाँ पुस्तालाई आफ्नै भाषा, संस्कृति र सभ्यतासँग जोड्ने विश्वास व्यक्त गरेका छन् । संस्थाहरूका अनुसार मातृभाषामा तयार गरिएका पाठ्यपुस्तकबाट अध्ययन गर्दा विद्यार्थीले विषयवस्तु सहज रूपमा बुझ्न सक्ने, स्थानीय परिवेशसँग नजिकिन सक्ने तथा मैथिली भाषाको संरक्षण र प्रवद्र्धनमा सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ।

स्थानीय इतिहास, मिथिला सभ्यता, चाडपर्व, मेला, जात्रा, परम्परा र सांस्कृतिक सम्पदाबारे विद्यालय तहदेखि नै अध्ययन गराइने भएकाले यसले जनकपुरधामको मौलिक पहिचान दीर्घकालसम्म जोगाउन सहयोग पुग्ने विश्वास पनि व्यक्त गरिएको छ। दुवै संस्थाले स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि उपमहानगरपालिका, विद्यालय, शिक्षक, अभिभावक तथा अन्य सरोकारवालाबीच समन्वय र सहकार्य आवश्यक रहेको औँल्याएका छन्।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन